अन्तिम लेखापरीक्षण प्रतिवेदन

खाँदवारी नगरपालिका
संखुवासभा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

खाँदवारी नगरपालिका

संखुवासभा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

खाँदवारी नगरपालिका

संखुवासभा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

तोयम राया

जेठ, २०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मिति:२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. १४२

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
खाँदवारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
खाँदवारी, संखुवासभा।

१. **कैफियत सहितको राय–** हामीले नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.६ करोड ९१ लाख १२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ लाख ७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५४ लाख, ९९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ३८ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ८४ लाख ८ हजार र पेश्की बाँकी रु.१२ लाख ७ हजार समेत रु. ६ करोड ९० लाख ५ हजार बेरुजू कायम रहेको छ । यस पालिकाको गतवर्ष सम्म रु.२७ करोड ८२ लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३४ करोड ७२ लाख ३७ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने खाँदवारी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा-** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी —** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी खाँदवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समयजस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

खाँदवारी नगरपालिका,

संखुवासभा जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
५४	११०	६९११२	-	६	१०७	५४	१०४	६९००५	५४९९	२३८९१	३८४०८	-	-	६२२९८	१२०७

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
संखुवासभा	२७८२३२	-	-	२७८२३२	-	६९००५	३४७२३७

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९।८० (चालु वर्षको)	४५(आंशिक)	दाखिला भई फछ्यौंट	७३८७७/-
		४८	दाखिला भई फछ्यौंट	३३३००/-
	कुल जम्मा	२		१०७१७७/-

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय-**

(क) खाँदवारी नगरपालिकाको परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १२२.७८ वर्ग किलोमिटर तथा ३५ हजार ६ सय ३८ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

(घ) लेखापरीक्षण विधि - यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको विनियोजनतर्फ आय — व्ययतर्फ रु.१,८३,०६,६०,४४७/३४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) निम्नअनुसार देखिएको छः

- कार्यालयले पेश गरेको म.ले.प.फा.नं. २७२ मा श्रेस्ता अनुसार वर्षान्तको मौज्दात रु.४९५८९८५४/७४ रहेकोमा बैंक तथा नगद बाँकी रु.४७७०६८५४/७४ उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,५३,६८,२५२/- र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.३,१९,५८४/- समेत गरी रु.१२,५६,८७,८३६/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.६००००००/- अबण्डा बजेट व्यवस्था खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क सं	योजनाको नाम	बजेट / खर्च
१	आयोजना व्यवस्थापन खर्च	४००००००/-

२	एकीकृत सहयोग कार्यक्रम	२००००००/-

सैद्धान्तिक बेरुजु

५ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२,३६,७८,५१५/- , राजस्व बाँडफाँड र अनुदानबाट रु.६७,८८,४५,४८८/- समेत रु.७०,२५,२४,००४/- आम्दानी भएकोमा चालु तर्फ रु.४६,८४,९१,४४१/- र पूँजिगत तर्फ रु.२७,३२,९४,८६८/- समेत रु.७४,१७,८६,३०९/-खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.१९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा (२०७९ चैत्र सम्म) रु.७९,४०,०००/- खर्च भएको छ जुन आन्तरिक आयको ३३.५३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३ .१६ प्रतिशत चालु र ३६.८४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३८९५५६३६	३३९४४९३७	८७.१४
२	पूर्वाधार विकास	१९९३०६०००	१८२७१९८९८	९१.६८
३	सामाजिक विकास	४२९७८०८००	३८२०४१८०५	८८.८९
४	बातावरण तथा विकास	१५०६५०००	१२५२४०००	८१.३४
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१९९६७०००	१७६४६२५६	८८.३८
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१६०८४४४८८	१२५४३३४१३	७७.९८
जम्मा		८६३९१८९२४	७५४३१०३०९	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५० प्रतशित र बातावरण तथा विकासमा सबै भन्दा घटीमा २ प्रतिशत विनियोजन रहेको छ ।

सैद्धान्तिक बेरुजु

७ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन

विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९/३/१० मा रु.८० करोड ६ लाख २ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९/३/२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९/४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र

पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ५५९ योजनामा वजेट विनियोजन गरेको छ।

क्र.सं.	कार्यक्रमको नाम	योजना संख्या	२० लाखमाथिका योजना संख्या	५ लाखदेखि २० लाख सम्मका योजना सं.	५ लाख भन्दा कमका योजना सं.
१	पालिका स्तरीय	५५९	९	४३	५०७

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म सि. डि. प्रमुख प्रशाकीय अधिकृत सहित ७० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि. डि.ई १, इन्जिनियर १, शिक्षा अधिकृत १ सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन।पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१९२४५४०२/-भुक्तानी गरेको पाइयो । ऐनको

व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नभएकोले स्वीकृत दरबन्दी बमोजिम स्थायी पदपूर्ति गर्नु पर्ने र स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्ति गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

पद	नियुक्ति संख्या	तलब भत्ता रु.
इन्जिनियर, अमिन , कृषि अधिकृत , कम्प्युटर अपरेटर	४३	१४४१५४१४/-
स्वास्थ्यका विभिन्न पद	१७	४८२९९८८/-
जम्मा	६०	१९२४५४०२/-

सैद्धान्तिक बेरुजु

१५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्ः

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी

तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालिलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनिय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१६ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२७,३२,९४,८६८/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **जिन्सी दाखिला -** महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ ।पालिकाले विभिन्न वडा कार्यालयहरुकोलागि बोलपत्रमार्फत बि.एम.टी. निर्माण सप्लायर्ससँग फर्निचर खरिदगरी रु.११६९५२०/- भुक्तानी दिएकोमा खरिद भएका फर्निचरहरु PAMS मा प्रविष्टि नगरी मागफारको आधारमा विभिन्न वडा कार्यालयहरुलाई बुझाएको सम्बन्धमा लेखापरीक्षणको क्रममा औल्याएपछि कार्यालयको जिन्सिखातामा आम्दानी बाँधेको छ । नियमानुसार खरिदभएका सामाग्रि PAMS मा प्रविष्टि गरेपछि भुक्तानी दिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **प्रगति विवरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **चौमासिक खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । कार्यालयको पूँजिगतखर्च विश्लेषण गर्दा प्रथम चौमासिकमा १७.७२ प्रतिशत, दोस्रो चौमासिकमा २९.०७ प्रतिशत, तेस्रो चौमासिकमा ५३.२० प्रतिशत र असार महिनामा ९.४३ प्रतिशत खर्च भएको देखियो । चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले असारमा अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरिनु पर्दछ । साथै चौमासिक खर्चको प्रगत विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च (रु हजार)	त्रैमासिक खर्च(रु हजार)			आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	
पुँजीगत खर्चतर्फ	२७३२९५	४८४३९	७९४४९	१४५४०६	२५७७१
प्रतिशत	१००	१७.७२	२९.०७	५३.२	९.४३

सैद्धान्तिक बेरुजु

२० **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु.४२९४८९८/- खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२३६७८५१५/- को १८ प्रतिशत हुन आउँछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले आर्थिक सहायता वितरण सम्बन्धि कार्यविधि तयार गरी विभिन्न १०४ व्यक्तिहरुलाई रु.११,४५,६४८/- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय

रु.२,३६,७८,५१५/-को ४.८३ प्रतिशत हुन आउँछ ।आन्तरिक स्रोत न्युन भएकोले आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले पालिका भित्र रहेका सहकारी संस्थाहरुको अभिलेख राखेको देखिएन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन समेत तयार गरेको देखिएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **बेरुजु अभिलेख -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **कानुन निर्माण र संचालन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ८ वटा नियमावली, ४४ कार्यविधि लगायत ७५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

२६ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष २९ वटा विवाद दर्ता भएकोमा १४ वटा मात्र फस्र्यौट भई १५ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **फोहोरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की दिएको रकम रु. ९१२१५८१/- आर्थिक वर्षको अन्त्य सम्मपनि फछ्यौट नभई वांकी रहेको देखियो। पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ । म्याद नाघेको पेश्की रु.

क्र.स.	पेश्कि लिनेको नाम	प्रयोजन	पेश्की रकम	म्याद नाघेको
१	स.पा.बुद्धि बहादुर घिमिरे	खेलकुद सामाग्रि वितरण	१०००००	१०००००
२	क.अ. गोकुल खनाल	कार्यक्रम	९१६०००	९१६०००
३	सि.अ.न.मी रेनुका सुनाम ठटाल नेपाली	कार्यक्रम	७६२८०	७६२८०
४	ह.स.चा. रमेश शंकर	विविध	१५२१०	१५२१०
५	टपल्याड रानिढुँगा आर.यस.जे.भि.	मोविलाइजेशन	१६३६०९१	०
६	टेक्निकल इन्जिनियरिङ्ग डिजाइन कन्सल्टेन्सी एण्ड कन्सट्रक्सन प्रा.लि.	मोविलाइजेशन	१०७८०००	०
७	सितु - धिताल जे. भि.	मोविलाइजेशन	५२०००००	०
८	पोखरी पार्क व्यवस्थापन उपभोक्ता समिति	निर्माण	१०००००	१०००००
		जम्मा	९१२१५८१	१२०७४९०

पेश्की	१२,०७,४९०

२९ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,६०,००,०००/-

प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२,३६,७८,५१५/- अर्थात अनुमान भन्दा ९ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३० **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	५000000	३४0२0८६	६८
घरजग्गा वहाल कर	५000000	३५१२८५६	७0
व्यवसाय कर	६000000	३८७६९९८	६५
वहाल विरौटी शुल्क	१000000	0	0

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
७९९३७0१९४	२३६७८५१५	२.९६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.९६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३२ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३८७६९९८/- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **कर दरमा राजश्व असूली** - अमानतवाट शुल्क उठान निम्न व्यक्तिहरुवाट तोकिएको शुल्क उठाएको लागि जिम्मा लिएका नगदी रसिद परीक्षण गर्दा तोकिएको शुल्क नलिई रु.१००/- मात्र असुल गरेको देखियो । कुन कारण वा कुन निर्णयवाट तोकिए भन्दा कम रु.१००।०० मात्रको रसिद काटी राजश्व असूल भएको हो सो छानविन गरी सम्वन्धितलाई कारवाही गरी वाँकी उठ्नु पर्ने राजश्व दाखिला हुनु पर्दछ ।

सि न	नाम थर	रसिद संख्या	शुल्क उठाउनु पर्ने स्थान
१	विदुर वराल	२०	कल्ले भन्ज्याङ्ग
२	भुवनराज मगर	२	लम्सुवार
३	दिपक वराल	३६	सभाखोला
४	विदुर वराल	३३	सभाखोला

सैद्धान्तिक बेरुजु

३४ **नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री** - ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ अनुसार नगरपालिकाले प्रारम्भिक वातावरणिय परीक्षण (IEE) तयार गरी जुन ३०,२०२२ मा तयार गरेको देखियो । उक्त IEE अनुसार ४ वटा खोला सभा खोला, चेवा खोला,अरुण नदी र पाङ्मा खोलामा ४ स्थान झोलुङ्गे पुल वगर,लम्सुवाघाट, लिडे वगर र आइतवारेमा दैनिक २१८.०८ घन मीटर भन्दा कम उत्खनन गर्न सकिने र राजश्व प्रति घन मीटर रु. ३ का दरले वार्षिक रु.६२३८२६३।१५ आम्दानी उल्लेख भएको देखियो । सोही आधारमा नगरपालिका कार्यपालिकाको वैंठक २०७९।४।२ को निर्णय नं. १ वमोजिम अरुण नदी र सभा खोलामा मात्र नदीजन्य पदार्थ उत्खनन् तथा विक्री गर्ने गरी IEE स्वीकृत भएको पाइयो । सोही वैंठकको निर्णय २ वमोजिम IEE मा दैनिक २१८.०८ उत्खनन गर्न सकिने भए पनि ११३.५० घन मीटर मात्र उत्खनन गर्न सकिने निर्णय गरेको देखियो । यस सम्बन्धि पेश भएका श्रेस्ता परीक्षणमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

• प्रदेश नं १ प्रदेश राजपत्रमा प्रकाशित प्राकृतिक स्रोत संकलन तथा विक्री शुल्क ढुगा,गिट्टी तथा ग्रावेल रु ६ र वालुवा रु ४.७५ प्रति क्यू फिटको औषत रु.५.३७५ को दरले जम्मा रु ५९२००९३.३७ को वोलपत्र आह्वान गर्ने कार्यपालिको वैंठकले २०७९।४।३० मा स्वीकृत भएको छ । सोही अनुसार प्रथम पटक मध्यान्न राष्ट्रिय दैनिकमा सूचना प्रकाशन भएकोमा म्याद भित्र हुनै वोलपत्र पेश नभएको कारण दोश्रो पटक २०७९।६।११ पुनः मध्यान्न राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरेको देखियो । दोश्रो पटक पनि म्याद भित्र कुनै वोलपत्र दर्ता भएको देखिएन । दुई पटक आह्वान गर्दा पनि कुनै वोलपत्र नपरेको कारण खोली नगर कार्यपालिका वैठक नं. १३ ले ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री गर्न निकासी शुल्क कर्मचारी खटाई अमानतवाट उठाउने निर्णय गरेको देखयो ।

• अमानतवाट निकासी उठाउन नगरपालिकाले ८० वटा नगदी रसिद छापेकोमा ७४ वटा प्याड मात्र प्रयोग भएको देखियो । राजश्व संकलक देवेन्द्र घिमेरे र निल घिमिरेले काटेका २०८०।२।२१ देखिका ३८ वटा रसिदवाट रु ७७,३०४।०० दाखिला हुन वाँकी देखिएकोले निजहरुवाट व्याज सहित असुल हुनुपर्ने पर्दछ ।

• ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ अनुसार पालिकाले व्यवसायीसँग गरेको प्रत्येक सम्झौतामा कुनै किसिमको कर सेवा शुल्क र दस्तुर थप गरी लिन नपाउने र नियमानुसारको शुल्क दस्तुर कर असुल गर्दा पालिकाबाट प्रमाणित भर्पाई रसिदको आधारमा मात्र गर्ने उल्लेख भएकोमा प्रमाणित रसिद उपलव्ध गराएता पनि सोको भिडान र अनुगमन भएको नदेखिएकोले यसको सदुपयोगमा यकिन हुन सकिएन ।

• ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ९ अनुसार साधारण निर्माणमुखि नदिजन्य पदार्थको उत्खन्न सकलन गरि घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा तोकिएको शर्तहरुको पालना भए नभएको अनुगमन गरि जिल्ला समन्वय समितिले निर्देशन दिने तथा अनुगमन गरि आबश्यक कारबाही गर्नुपर्ने व्यवस्था रहेता पनि समन्वय समिति र पालिकाबाट सोहि मापदण्डको अनुसूचि ५ अनुसारको चेक लिस्ट प्रयोग गरि अनुगमन भएको लिखत अभिलेख देखिएन यसको अभावमा तोकिएको परिणाममा उत्खनन र राजस्व असुली तथा वातावरणिय पक्षमा असर परे नपरेको तथा दिएका सुझावको कारवाहि भएकोमा नियमानुसार भए नभएको एकिन हुन सक्ने अवस्था नरहेकोले यसमा तोकिएका जिम्वेवार पदाधिकारीलाई उत्तरदायी बनाउनु पर्ने देखियो ।

• ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९ अनुसार उत्खनन संकलन वा ढुवानी कर्ताले संकलन वा ढुवानी गरेको परिणामको दैनिक पटके उत्पादन बिक्री वा ढुवानी गरेको परिणामको अभिलेख अनुसुचि ४ (क) बमोजिम र दैनिक गरेको बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ (ख) बमोजिम राख्नु पर्ने व्यवस्था रहेता पनि पालिकाले यस्ता विवरण लिई अध्यावधिक नराखेकोले यथार्थ उत्खनन तथा बिक्रीको परिणाम भिडान गर्न सकिएन ।

• अमानतबाट नदीजन्य पदार्थ संकलन तथा विक्रि गर्ने कार्य भएकोमा IEE ले अनुमान गरे भन्दा कम शुल्क उठेको देखिएकोले अमानतवाट शुल्क उठाउने काममा नियन्त्रण हुनु पर्दछ ।

असुल गर्नुपर्ने	७७,३०४

३५ **आयोगको परामर्श -** प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर स्थानीय तहले कर्मचारीको स्तरवृद्धि गरी उक्त कमर्चारीलाई यो वर्ष रु.६४९५००/- थप रकम भुक्तानी भएको छ । आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेखेको रकम असुल हुनुपर्ने रु.

कर्मचारीको नाम	बढुवा भएको तह	साविक तहको मासिक तलब (ग्रेड समेत)	बढुवापछिको तहको मासिक तलब (ग्रेड समेत)	यस वर्षको बढी भुक्तानी
श्री गुणराज खत्री	अधिकृत आठौं	५६५४७	६३३३६	६७८९०

श्री दिनेश कट्टेल	अधिकृत सातौं	५५३३७	५९६०३	४२६६०
श्री खेमराज निरौला	अधिकृत सातौं	५५३३७	५९६०३	४२६६०
श्री चुडामणि खनाल	अधिकृत छैठौं	४३९९४	४९५१३	५५१९०
श्री राधा कटुवाल	अधिकृत छैठौं	४३९९४	४६६०१	२६०७०
श्री राजकुमार राई	अधिकृत छैठौं	४३९९४	४६६०१	२६०७०
श्री गणेश श्रेष्ठ	अधिकृत छैठौं	४३९९४	४६६०१	२६०७०
श्री सरोजकुमार श्रेष्ठ	अधिकृत छैठौं	४३९९४	४९५१३	५५१९०
श्री रबिन्द्र राई	सहायक पाचौं	४१६७८	४६३१०	४६३२०
श्री गेचप लामा	सहायक पाचौं	४१६७८	४६३१०	४६३२०
श्री बिष्णुकुमार बुढोथोकी	सहायक पाचौं	३९४८४	४३९९४	४५१००
श्री वासुदेव श्रेष्ठ	सहायक पाचौं	३९४८४	४३९९४	४५१००
श्री सुमनकुमार दाहाल	सहायक पाचौं	४१६७८	४५१५२	३४७४०
श्री राजेन्द्र कार्की	सहायक पाचौं	४२७७५	४५१५२	२३७७०
श्री यादवप्रसाद घिमिरे	सहायक चौथो	३४९७२	३५९९३	१०२१०
श्री वासुदेव श्रेष्ठ	सहायक तृतीय	३२१६५	३४९७२	२८०७०
श्री भिमबहादुर घिमिरे	सहायक तृतिय	३२१६५	३४९७२	२८०७०
			जम्मा	६४९५००/-
			असुल गर्नुपर्ने	६,४९,५००

३६ **कर्मचारी तालिम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ ।सरकारी निकायबाट कुनै तालीम, सेमिनार, गोष्ठि, कार्यशाला जस्ता कार्यक्रमकोलागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने उल्लेख छ । कार्यालयका १५ जना प्राविधिक कर्मचारीहरुलाई तालिम दिने कार्यका लागि रु.१०५००००/- लागत अनुमान कार्यालय प्रमुखले स्वीकृत गरेकोमा लागत अनुमान तयारीकोलागि लिएको नर्म्स उल्लेख गरेको देखिएन । तीनवटा परामर्शदाताबाट प्राविधिक तथा

आर्थिक प्रस्तावमाँग गरी प्राविधिक रुपमा सफल र सबैभन्दा न्यून आर्थिक प्रस्ताव पेश गर्ने परम टेक्नोक्रयाट्स प्रा.लि.सँग सम्झौतागरी १ हप्ते तालिमको रु.१०४६७१९/- भुक्तानी दिएको देखियो । परामर्शदाताले प्रशिक्षकको पारिश्रमिक रु.२३२८००/- र अन्य खर्च रु.६९३५००/- प्रस्ताव गरेको देखियो । तालिममा भएको खर्च संघिय तथा प्रादेशिक तालिम संचालनको नर्म्स भन्दा अस्वाभाविक रुपमा बढी देखिएकोले तालिम कार्यक्रमको लागत अनुमानको लागि प्रयोग भएको नर्म्स यकिन गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,४६,७१९

३७ **गाडि भाडा -** कार्यालयले उपलब्ध गराएको जिन्सि प्रतिवेदन अनुसार कार्यालयमा ४ वटा साना सवारी साधन चालु अवस्था रहेका छन । कार्यालयले यस वर्ष योजना अनुगमन कार्यकोलाग सवारि भाडामा रु.१६४०००/- र सवारी साधन तथा मेशिनरी औजारभाडामा रु.२८३९२०/- कार्यक्रममै विनियोजन गरि खर्च गरेको र अन्य विविध शिर्षकबाट विभिन्न मितिमा विभिन्न प्रयोजनकोलागि गाडि भाडामा लिई भुक्तानी दिएको देखियो । नमुना छनौटको आधारमा केही श्रेस्ता परीक्षणगर्दा सवारी धनी श्री रोषण थापा मगरलाई भाडा वापत यस वर्ष रु.४,३१,९८८/- भुक्तानी दिएको देखियो । कार्यालयमा ४ वटा सवारी चालु रहेको र सोही बमोजिम इन्धन, मर्मत लगायतमा खर्च भएको देखिएकोले भाडामा सवारी लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **ब्रोसर लेखन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले नगरपालिकाको भौगोलिक, आर्थिक सामाजिक पक्ष समावेशगरी ब्रोसर लेखन कार्य वापत समिन रिसर्च इन्ष्टिच्यूट प्रा.लि.लाई रु.३७,२९०/- भुक्तानी दिएकोमा ब्रोसरमा समावेश भएका विषयहरु पालिकाको विभिन्न शाखाहरुले तयार गर्ने वार्षिक प्रगति प्रतिवेदन तथा कार्यालयको वेवसाइट लगायत कार्यालयले वार्षिक रुपमा प्रकाशनगर्ने बजेट पुस्तिकामै उल्लेख रहेकोले लेखन कार्यकोलागि परामर्शदातालाई भुक्तानी दिएको उचित देखिएन । यस्तो भुक्तानी रकम असुल गर्नुपर्दछ रु.

असुल गर्नुपर्ने	३७,२९०

३९ **शैक्षिक तथ्यांक -** पालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७९/८० मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा तलव भत्ता रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७९ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७९/८० मा भएकोमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा नगरपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा नगरपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

४० **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका १८ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २४०२ जना रहेका छन। पालिकाले विराट स्वास्थ्य इन्ड्रष्टिज प्रा.लि. बाट २०८०।२।१६ मा ३८४६० प्याकेट स्यानिटरी प्याड रु.२४,९९,८०५.०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी ३६०३० प्याकेट प्याड वितरण गरी २४३० प्याकेट प्याड मौज्दातमा राखेको देखिन्छ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ । सो सम्वन्धमा देखएका थप व्यहोरा निम्नानुसार छन्

• सार्वजनिक खरिद ऐन २०६३ (पहलो संशोधन २०७३) को ६४ दफा ४१ र नियमावली २०६४ को एघारौं संसोधन २०७८ को नियम ८५(क) वमोजिम पच्चीस लाख सम्मको औषधी जन्य मालसामान वा नेपालमा उत्पादित वीस लाख सम्मको मालासामान त्यस्तो मालसामान उत्पादनको राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकासन गरी तोकेको मुल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले विराट हेल्थ केयर इण्डष्टिज प्रा. ली. वुढीगंगा २ टंकी सुनुवारी मोरङ्गले २०७९।११।२५ मा आर्थिक अभियान राष्ट्रीय दैनिकमा सूचना प्रकासन गरेको मूल्यलाई आधारमा ह्वाइटमून अल्टा थिन ड्राई ८ पिस २४०MM को प्रति प्याकेट ७० रहेकोमा कार्यालयले प्रति प्याकेट ६५/- (मू.अ. कर समेत) रु. २४,९९,८०५/- खरिद गरेको देखियो । पालिकाले ऐनका व्यवस्था भन्दा फरक व्याख्या गरी गरिद गरेको देखिएको नियमित गर्नु पर्ने रु.

अनियमित भएको	२४,९९,८०५

४१ **गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादन आधारित प्रोत्साहन -** अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० वुँदा ९.२ तोकिएको सूचकाङ्क आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादन आधारित अनुदान दिन सकिने व्यवसथा छ । त्यस्तै अनुदान दिंदा विद्यालयले शिक्षण सिकाई समय कार्यान्वय कार्यविधि २०७४ लागू गरेको सुनिश्चता हुनुपर्ने उल्लेख छ । यसरी अनुदान दिंदा स्थानीय तहले उत्कृष्ठ विद्यालयलई अनुदान उपलब्ध गराउने प्रयोजनका लागि विद्यालय छनौट गर्दा कक्षा ८ कक्षा १० र कक्षा १२ को परीक्षाको नतिजा,शिक्षक उपस्थिति, विद्यार्थी संख्या, सिकाई उपलव्धी, विद्यार्थी छाड्ने दोहोर्याउने जस्ता आधारमा १०० पूर्णाङ्क रहने मापदण्ड अनुसार शिक्षा अधिकृत,विद्यालयका प्रधानाध्यापक,आर्थिक प्रशासन शाखाको प्रतिनिधित्व हुने गरी ५ सदस्यीय प्रस्तावना मूल्यांकन समिति गठन गरी सो समितिले निर्धारण गरेको कार्यविधि कार्य सम्पादन गर्ने व्यवस्था छ । यसरी अनुदान दिंदा प्रस्तावन मात्र माग गरी निकासा दिएको छ । निर्देशिकाले तोकेका अन्य कुनै शर्तको पालना भएको देखिएन पालिकाले देहाय अनुसार ५ विद्यालयलाई प्रति विद्यालय ६५००००/- का दरले निकासा दिएकोमा विद्यालयको छनौटको आधारको प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	३३,५०,०००

४२ **पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० क्रियाकलाप नं २.४.६.१ वमोजिम निशुल्क पाठ्यपुस्तक वितरणको शैक्षिक सूचना प्राणाली(IEMIS) मा प्रविष्ट तथ्यांकलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको तथ्यांकलाई सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतवाट प्रमाणित गरी विद्यालयमा अध्यायनरत अघिल्लो आर्थिक वर्षको शैक्षिक सूचना प्राणाली(IEMIS) को रेकर्डको आधारमा पुस्तक खरिदको लागि विद्यालयको वैंक खातामा ७५% निकासा दिने र लिने विद्यालयले प्राप्त निकासा रकमवाट पुस्तक

खरिद गरी सक्कल विल भरपाई सहितको माग फाराम र चालु आर्थिक वर्षको वास्तविक विद्यार्थी संख्याको आधारमा बाँकी २५% प्रतिशत निकासा दिन सक्ने व्यवस्था छ । पालिकाले पालिका अर्न्तगतका ३५ विद्यालयका लागि निःशुल्क पाठ्यपुस्तकको लागि प्रथम किस्ता ७५% ले हुने रु.३८,९२,२७०।०० अघिल्लो शैक्षिक सत्रको IEMIS को आधारमा र दोश्रो किस्ता २५% वापत रु.११,९८,०४८।०० माग गर्ने विद्यालयले मात्र सक्कल विल पेश गरी थप रकम निकासा माग गरेको पाइयो । यसरी पाठ्यपुस्तक नपुग हुने विद्यालयले मात्र विल भरपाई पेश गरी थप निकासा लिएकोमा थप रकम माग नगर्ने विद्यालयको समेत विल भरपाई माग गरी सत्यापित विवरणका आधारमा विद्यालयलाई निकासा भएको रकम यकिन गरी वढी भएमा फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **वढी निकासा -**

४३.१ (४५-२०७९-९-९) - शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को वुँदा नं २.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा विद्यालयवाट भरिएको IEMS प्रतिवेदनमा उल्लेखित विद्यार्थी संख्याका आधारमा स्थानीय तहले वजेट वाँडफाँड गरी विद्यालयलाई अनुदान दिने व्यवस्था छ । शिक्षण सिकाई सामाग्री, डिजिटल सिकाई सामाग्रीको लागि प्रति विद्यार्थि सिकाई सामाग्रीका लागि वाल कक्षाका लागि प्रति विद्यार्थी रु ५०० दिन सक्ने व्यवस्था छ । नगरपालिकाले निकासा दिंदा वागीश्वरी मा. वि.ढुंगेधाराको निकासा दिंदा IEMS प्रतिवेदनमा आधार मात्रलाई लिएको देखियो । वास्तविक विद्यार्थी र IEMS लाई सत्यपना गराई निकासा दिनु पर्नेमा निम्नानुसार भएको देखिएको असुल हुनुपर्ने रु.

कक्षा	IEMS प्रतिवेदनमा देखाएको विद्यार्थि संख्या	वास्तविक विद्यार्थि संख्या	फरक	दर	वढी रकम
वाल	३०	१९	११	५००	५५००
१ देखि ५ सम्म	१५६	९६	६०	१५०	९०००
६	४८	३५	१३	२००	२६००
जम्मा					१७१००

असुल गर्नुपर्ने	१७,१००

४३.२ दिवाखाजा कार्यक्रम निर्देशिका,२०७९ अनुसार स्थानीय निकायले दिवाखाजा वापत कक्षा १ देखि ६ सम्मका विद्यार्थीहरुलाई प्रति दिन प्रति विद्यार्थी रु.१५/- का दरले एक शैक्षिक शत्रमा १८० दिन नवढ्ने गरी विद्यालय सञ्चालित दिन र सो दिनहरुमा उपस्थित विद्यार्थीको संख्या यकिन गरेरमात्र विद्यालयलाई त्रैमासिक रुपमा पेश्की स्वरुप विद्यालयको वैंक खातामा निकासा दिनु पर्ने व्यवस्था छ । त्यस्तै कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० बमोजिम विद्यालयले आफूले पाउनुपर्ने अनुदान रकम निकासा लागि अघिल्लो महिनाको चौमासिक प्रगति विवरण तयार गरी अनुदान निकासा माग वमोजिमको ढाँचा अनुसूची ७ मा उल्लेख भए वमोजिम स्थानिय तहमा पेश गर्नु पर्ने व्यवस्था छ ।नगरपालिकाले मनकामना रत्न अम्विका मा.वि. लाई दिवा खाजा वापत दिवा खाजा वापत निकासा दिंदा निम्नानुसार देखिएको रकम असुल गर्नु पर्ने रु.

कक्षा	IEMS प्रतिवेदनमा देखाएको विद्यार्थि संख्या	निकासा दिएको	औषत हाजिरी र महिना	वढी रकम
वाल कक्षा	१२०	१५८	साउन ३८ हजारी दिन ४ दर १५ =२२८० भाद्र ३८ हाजारी दिन १४ दर १५ =७९८० असोज ३८ हाजारी दिन दर १५ =१७१० कार्तिक ३८ हजारी दिन ७ दर १५ = ३९९० मसिर ३८ हाजारी दिन १५ दर १५ =८५५० पुस ३८ हाजारी दिन १८ दर १५ =१०२६० माघ ३८ हााजारी दिन १४ दर १५ =७८८० फागुन ३८ हााजारीदिन १४ दर १५ =७८८० चैत्र ३८ हाजारी दिन २ दर १५ =११४० वैशाख ३८ हाजारी दिन १४ दर १५ =७९८० जेष्ठ ३८ हााजारी दिन २३ दर १५ =१३११० असाार ३८ हाजारी दिन २३ दर १५ =१३११०	८५८७०।००

असुल गर्नुपर्ने	८५,८७०

४३.३ नगरपालिकाले पाठ्यपुस्तक वापत निकासा दिँदा हिमालय मा. वि .खाँदवारीलाई कक्षा १२ मा EIMES ले १८१ जना मात्र विद्यार्थी देखाएकोमा १९४ जना विद्यार्थी निकासा दिएको देखिएकोले १३ जना विद्यार्थी प्रति थान रु.३१६/७० को रु. ४११७.१० असुल गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	४,११८

४४ **तोकिए भन्दा वढी खर्च** - स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम २०७९।८०) को वुँदा नं २.७.२२.९५२० कार्यक्रम अन्तर्गत सुत्केरी तथा नवशिशुलाई उपलव्ध गराउनु पर्ने सेवा सुविधा सम्वन्धि व्यवस्था गरेको छ ।पालिका यो कार्यक्रम अन्तर्गत आमा सुरक्षा सम्वन्धी निम्नानुसार आमा सुरक्षा तथा नवशुशि सम्वन्धी कृयाकलाप भएको देखियो । सो कार्यको रु. १४,७५,६९५।०० खर्च गरेको देखियो । निर्देशिका वमोजिम तोकिए अनुसार मात्र कार्य गरी खर्च गर्न सक्ने व्यवस्था गरी तोकिएको रकम सुत्केरी उत्प्रेरणा, यातायात, सुत्केरी गराए वापत स्वास्थ्य संस्थालाई प्रोत्साहन रकम र न्यानो झोला खरिद मात्र गर्न सकिने व्यवस्था

छ । पालिकाले निम्नानुसार रु.४७५०००।०० मात्र खर्च गर्नु पर्नेमा तोकिए भन्दा रु.१०००६९५।०० खर्च गरेकोले तोकिए भन्दा वढी खर्च गरेको नियमित हुनुपर्ने रु.

अनियमित भएको	१०,००,६९५

(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४५ **बढी ग्रेड** - स्थायी कर्मचारीहरुलाई तलवि पेरतिवेदन पास गराई सोको आधारमा ग्रेड रकम भुक्तानी दिनु पर्दछ । यस पालिकामा कार्यरत स्वास्थ्य तर्फका निम्न कर्मचारीहरुको तलव भत्ता भुक्तानी हुँदा वढी तलवी प्रतिवेदनमा भए भन्दा वढी ग्रेड भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रु.
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई राजेन्द्र खत्री, विनुता राई, रेनुका सुनाम ठटाल नेपाली र खिन्दुरी राईको फस्यौंट भई पेश भएको आधारमा मिति २०८0।१२।१६को निर्णयबाट रु.७३,८७७/- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	४९,६७८

(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४६ **न्यानो झोला** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ बर्थिङ सेन्टरमा यस वर्ष १०० थान को रु. ९६०००।०० खरिद गरेकोमा यस वर्ष ५० जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ५० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **फरक खर्च शीर्षक -**

४७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी खर्च रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय तहका स्वास्थ्य चौकी, प्राथमिक केन्द्र र अस्पताल तहमा कार्यरत कर्मचारीहरु तलव भत्ता महगी भत्ता स्थानीय भत्ता पोशाक र प्रशासनिक खर्च शिर्षक (खर्च शीर्षक नं. २११११) तलव भत्ता मात्र खर्च गर्नुपर्नेमा निम्नानुसार खर्च लेखेको सम्बन्धमा छलफलको क्रममा कार्यालयले उक्त शिर्षकबाट पालिकाको तोकिएका दरबन्दिको तलब भत्तामा पर्याप्त बजेट विनियोजनगरी बाँकि रकम अन्य प्रशासनिक कार्यमा विनियोजन गर्नुपर्नेमा विनियोजन मात्र नभएको तर तोकिए बमोजिम नै खर्च भएको जनाएको छ । नियमानुसार तोकिएको शिर्षकमा बजेट बाँडफाँड स्वीकृतगरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ४७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४७.२ स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम २०७९।८०) को अनुसूची ८ सि.नं. वमोजिम २ जना स्वास्थ्य कर्मीको लागि रु. ६,८७,०००/- व्यवस्था गरेकोमा ३ जना स्वास्थ्यकर्मी नियुक्त १ जनाको प्रति महिना रु.३२९०२।०० का दरले चार्डपर्व खर्च समेत रु. ४२७७२६/- खर्च भएको देखिन्छ । यसरी अन्य तोकिएको कार्यक्रममा गर्नु पर्ने खर्च तलव भत्तामा खर्च भएको अनियमित रु.

अनियमित भएको	४,२७,७२६

४८ **पेश्की फर्स्यौट** –

.... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।१६ को निर्णयबाट रु.३३,३००/- सम्परीक्षण गरिएको ।)

४९ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १२ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त चालु र समानिकरण चालु बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.१३,९९,१८७/- को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सि. नं.	वजेट उप शीर्षक	फर्मको नाम	रकम
१	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	वेलकम फर्मा दकम ६	९९९७५४
२	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	पिण्डेश्वर फार्मेसी	३९९४३३
जम्मा			१३९९१८७

सैद्धान्तिक बेरुजु

५० **विपद् व्यवस्थापन** - नगरपालिकाले यस वर्ष विपद व्यवस्थापनको लागि देहाय अनुसार रु. २५१९०८६/ - विभिन्न साइजका पाइप खरिद गररेको छ । विपदको समयमा प्रयोग हुने पाइप सोझै खरिद गरी माग फाराम र तोक आदेशको आधारमा केही वितरण गरेको छ भने ठूलो परिमाणमा एचडिपि पाइप मौत्दाज देखिन्छ । विपदका लागि खरिद भएका भएता पनि अन्य कार्यमा समेत पाइप विरतरण गर्ने पर्ने देखिन्छ । विभिन्न साइजका देहाय वमोजिमका पाइप खरिद गरि मौज्दात रहेको देखिन्छ । खरिद भएका पाइप विपद् व्यवस्थापन गर्ने कार्यमा मात्र प्रयोग हुनुपर्दछ ।

सि.नं.	आपूर्तकको नाम	पाइपको साइज	परिमाण	दर	जम्मा
1	जनरल स्टोर एण्ड सप्लार्यस	HDPE PN 16 20MM	600 मी.	48.15	28890
2		HDP PN 16 40MM	280 मी.	130.53	36550
3		HDPE PN 10 40MM	155 मी.	654.27	10141
4		HDPE PN 10 90MM	700	966.15	676305
5	दल गंगा स्टोर्स	HDP 20MM	1000	51.98	51980
6		HDP 25MM	1000	80.33	80330
		HDP 32MM	1000	90.85	90850
		HDP 40MM	300	137.87	41361
		HDP 50MM	200	215.28	43056
		HDP 63MM	300	343.52	103056
		HDP 75MM	165	487.03	80359.95
		HDP 90MM	200	697.09	139418
		HDP 110MM	350	1030.56	360696
	अनु आइरन स्टोर	HDP 25MM	600	81.5634	48938.04
		HDP 32MM	200	91.756	18351.2
		HDP 20MM	160	1565.05	250408
		HDP 160MM	45	2043.04	91936.8
		HDP 200MM	115	3186.6	366459
	जम्मा				2519086

सैद्धान्तिक बेरुजु

५१ **वोयर वोका वितरण** - सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम १ लाख भन्दा वढीको मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नु व्यवस्था छ । यस्तै नियम ११ वमोजिम मालसामानको लागत अनुमान तयार गर्दा स्पेसिफिकेशनको अधीनमा रही सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार मान्नुपर्ने उल्लेख छ । त्यस्तै कृषि कार्यक्रम संचालन नर्म्स, २०७९ अनुसार पशु प्रजनन कार्यक्रमको उद्देश्य उन्नत पशुपन्छीको संख्या तथा उपलब्धता बढाउने र नश्ल सुधारका साथै पशुजन्य उत्पादनमा वृद्धि गराउनु रहेको छ ।उक्त नर्म्स अनुसार पशु प्रजनन कार्यक्रमको लागि वितरण गरिने बोयर बोका कम्तीमा एक वर्ष उमेर पुगेको, स्वस्थ र प्रजनन योग्यका साथै जुम्ल्याहा सन्तान मध्ये एक हुनु पर्ने, कम्तिमा २५ के.जी. तौल भएको र वितरण गर्न खरिद गरिएको बोयर बोकाको अनिवार्य रुपमा

विमा गराउनुपर्ने प्राविधिक मापदण्डको व्यवस्था रहेको छ । कार्यालयले वार्षिक कार्यक्रम अनुसार विभिन्न कृषक समूहलाई वितरण गर्न वोयर वोका खरिद गरेको देखियो । वोका खरिद गर्दा मूल्यमा समेत एक रुपता देखिएन । खरिद भएका विलमा कुनै विवरण उल्लेख नगरी प्रति गोटाका आधारमा मूल्य निर्धारण गरेको देखिदा वोयर वोका तौल, उमेर जस्ता कुराका आधारमा वोकाको मूल्य निर्धारण हुने हुनाले सो विषय उल्लेख गर्नुपर्ने पर्दछ । वोका खरिद गर्दा पशु चिकित्सकद्वारा प्रमाणित गरेको निरोगिताको प्रमाणित गरी खरिद भएका वोकाको गुरस्तर कायम हुनुपर्दछ। खरिद भएका वोयर वोका सम्वन्धि केही उदाहरण

भौ. नं./ मिति	विवरण	संख्या	दर	रकम	कैफियत
२१७।२०८०।३।४	वोयर वाखा	१८	४००००	७२००००	नयाँ बाख्रा पकेट कार्यक्र अर्तगत सिंहदेवी वहुउश्यशीय कृषक समुह खाँदवारी वडा नं. १ र वडा नं . ७
	वोयर वोका	१	१०००००	१०००००	

सैद्धान्तिक बेरुजु

५२ नर्म्स भन्दा वढी भुक्तानी

५२.१ नर्म्स संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम संचालन गर्दा तोकिएबमोजिम गर्नुपर्दछ । कार्यसंचालन निर्देशिनका २०७७(आठौं संसोधन) को ७.१.१५ सि.नं. ४ अनुसार प्रदेश/जिल्ला/नगरपालिका स्तरमा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिम श्रोत व्यक्ति/प्रशिक्षकको तथा कार्यपत्रको वारेमा उल्लेख गरेको छ साथै सम्बन्धित कार्यालयले संचलान गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रु १०००/- प्रतिकक्षा पाउने उल्लेख छ । पालिकाले देहायका कार्यक्रममा तोकिएको भन्दा वढी खर्च लेखेको असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	२०,०००

(विस्तृत विवरण बेरूजु दफा ५२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५२.२ नर्म्स संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम संचालन गर्दा तोकिएबमोजिम गर्नुपर्दछ । कार्यसंचालन निर्देशिका अनुसार तालिम संचालन हुँदा प्रशिक्षक, संयोजक तथा सहयोगीले पाउने पारिश्रमिकले वारेमा उल्लेख छ । नगरपालिकाले निम्न कार्यक्रम संचालन हुँदा नर्म्स भन्दा वढी खर्च लेखेको असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१२,०००

(विस्तृत विवरण बेरूजु दफा ५२.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५३ मर्मत संभार कोष

५३.१ नगरपालिकाले देहाय अनुसार कार्यालयमा कार्यरत कर्मचारीको लागि मर्मत शिर्षकवाट खर्च लेखेको छ । मर्मत शिर्षकमा खर्च हुनुपर्नेमा कर्मचारीको लागि पेट्रोल तथा डिजेल खरिद गरेको अनियमित देखिएको रु

सि. नं	भौचर नं	विवरण	रकम
१	१८/ २०७९।९।५	माता मनकामना फ्यूल सेन्टर	४६१४७४
२	२७/ २०८०।२।३	महालक्ष्मी अटो मोवाइल फ्यूल सेन्टर	१३३४७४
३	२८/ २०८०।२।३	यशोदा आयल सेन्टर	८९०७४
४	३०/ २०८०।२।२३	महालक्ष्मी अटो मोवाइल फ्यूल सेन्टर	३०७७८८
५	३३/ २०८०।३।२२	महालक्ष्मी अटो मोवाइल फ्यूल सेन्टर	१५५८७८
जम्मा			११४७६८८/-

अनियमित भएको	११,४७,६८८

५३.२ मर्मत संभार कोष नगरपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७५ को दफा ६ मा कोषको खर्च प्रणाली र दफा ७ मा मर्मत संभारको लागि छनौटको मापदण्ड निर्धारण गरेको छ । उक्त प्रत्यायोजित अधिकार अनुसार पालिकाले यस वर्ष मर्मत संभार कोषमा ट्रान्सफर गरी रु ७०,७२,७३१/- खर्च गरेको छ । पालिकाले कार्यपालिका तथा नगर प्रमुखको निर्णयानुसार वार्षिक वजेटमा समावेश गरि संचलानमा ल्याउन सकिने योजना समेतमा खर्च गरेको छ । यसरी तोक आदेशको आधारमा कोष संचालन कार्यविधिमा समेत कोषबाट खर्च हुने रकमको स्वीकृति गर्ने सम्बन्धमा उल्लेख नगरी योजना संचालन गरी खर्च गर्दा पारदर्शि प्रकृया अपनाएको देखिएन । पालिकाले कानूनमा उल्लेख भए वमोजिम कोषमा रकम ट्रान्सफर गरी पारदर्शि प्रकृयाबाट खर्च गरिनु पर्दछ । मर्मत सम्भार कोषवाट आकस्मिक आएपर्ने मर्मत संभार कार्यमा खर्च गर्नु पर्नेमा कतिपय नयाँ योजना तथा योजना विना नै वडाको सिफारिसमा इन्धन माग इन्धन दिएको देखिइ । वार्षिक वजेटमा समावेश गरी संचालन गर्न सकिने योजनाहरुमा खर्च गरेको केही योजना देहाय बमोजिम रहेका छन्ः

• नगरपालिकाले देहाय अनुसार माग फाराम भरी लागत अनुमान वेगर निवेदन र तोक आदेशको आधारमा डिजेल वितरण गरेको देखियो । यसरी वितरण गरेको इन्धनको सही सदुपयोग भए नभएको यकिन हुन सकिएन । पालिकाले लागत अनुमान स्वीकृत गरी कामको परिमाण तथा कामको साइट निश्चित नभइ इन्धन वितरण गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । यसका केही उदाहरण

सि. नं	विवरण	परिमाण	रकम	कैफियत
१	माता मनकामना फ्यूल सेन्टर	४०० लि. डिजेल	७४०४०	वडा नं ५ को मागको अनुसार

२	माता मनकामना फ्यूल सेन्टर	२०० लि. डिजेल	३२७६२	हेलुवा वेसी ट्याक्सी काउन्टरवाट पुल सम्म वाटो मर्मत
३	माता मनकामना फ्यूल सेन्टर	२०० लि. डिजेल	३२७६२	वडा नं २ को मागको अनुसार
४	माता मनकामना फ्यूल सेन्टर	३५० लि. डिजेल	५७३३४	वडा नं ८ को मागको अनुसार
५	माता मनकामना फ्यूल सेन्टर	१६० लि. डिजेल	२६२१०	वडा नं ३ को मागको अनुसार
६	माता मनकामना फ्यूल सेन्टर	४०० लि. डिजेल	६५५२४	वडा नं ७ को मागको अनुसार

सैद्धान्तिक बेरुजु

५४ **प्रधानमन्त्री रोजकार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ७६ जनालाई औसत १०० दिनले रोजगारी उपलव्ध गराई रु.४३८५२००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **तालिम भत्ता** (77-२०७९-११-२९) - भौ नं. ७७।२०७९।११।२९ मेड्पा अर्न्तगत माहुरी वडा नं ११ मा २०७९।११।२० देखि २०७९।११।२८ सम्म संचालन भएको ७ दिने कार्यक्रममा निम्नासार सहभागीले वुझेको भरपाई पेश नभएकोले असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	११,३९०

(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५६ **कार्य सम्पन्न प्रतिवेदन -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को अनुसूची ७ मा विद्यालयहरुले भवन निर्माण, नयाँ कक्षा कोठा निर्माण,भवन मर्मत,शौचालय निर्माण लगायतका भौतिक निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिकबाट तयार गर्न लगाई स्थानीय तहका शिक्षा अधिकृत, प्राविधिक कर्मचारी, सम्बन्धित विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट समेत प्रमाणित गराई विद्यालय र स्थानीय तहमा एक/एक प्रति राख्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले देहायका विद्यालयहरुलाई भौतिक निर्माण कार्यको लागि रकम निकासा दिएकोमा वर्षान्तसम्ममा पनि कार्य सम्पन्न नभएकोले कार्यसम्पन्न गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने रु.

सि. नं.	विद्यालयको नाम	कार्यक्रम	रकम

1	जनचाहना आधारभुत विद्यालय	२ कोठे भवन	१३७५०००/-
		जम्मा	१३७५००० /-

प्रमाण पेश नगरेको	१३,७५,०००

५७ **फलफूल तथा तरकारी चिस्यान केन्द्र -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।नगरपालिकालाई संघिय सरकार सशर्त कार्यक्रम तर्फ साझेदारीमा फलफुल तथा तरकारी चिस्यान केन्द्र निर्माणको लागि रु.५००००००/- बजेट विनियोजन भई रु.४७१५८३४/- खर्च गरेको देखियो । उक्त कार्यक्रमको श्रेस्ता परीक्षणगर्दा कार्यक्रमले निर्दिष्ट गरेबमोजिम कुनै साझेदारसँग निर्माण तथा संचालनको सम्झौता नभएको, प्राप्त बजेटबाट खाँदवारी तरकारी बजारमा रहेको साविक भवन तथा तुमलिङटार तरकारी बाजारमा ट्रस संरचना निर्माणगरी उपकरण जडान भएको देखियो । लेखापरीक्षणको क्रममा कार्यालयका प्राविधिक समेत तुम्लिङ्टारको संरचना अनुगमन गर्दा हाल सम्म संचालन भएको देखिएन । कार्यक्रमले निर्दिष्ट गरे बमोजिम साझेदारको पहिचान तथा सम्झौता नगरि निर्माण गरेको र हाल सम्म संचालन समेत नभएको सम्बन्धमा कार्यालय पदाधिकारीसँग छलफलगर्दा उपरोक्त चिस्यान केन्द्रमा विद्युत जडान कार्य यस वर्ष भइरहेको सो कार्य सम्पन्न भए लगतै संचालन गर्ने जनाएको छ । उपरोक्त चिस्यान केन्द्र तोकिए बमोजिम संचालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **समानुपातिक कट्टि** (१२-२०८०-३-२८) -सडक वोर्डको पत्र संख्या २०७९।८० च न २०६८ मिति २०८०।२।७ वाट पालिकासँग समपुरक कोष (Matching Fund) समेत जम्मा रु २२०३४३३।०० लागत अनुमान तयार भएको बुद्ध मन्दिर खोल्सी फुटसल हुँदै सडक मर्मत कार्यको लागि सडक वोर्ड नेपालले रु.१५,४०,०००।०० संझौता भई निकासा भएको भएकोमा उक्त कार्य उपभोक्ता समितिवाट गराई रु. २३,३६,१८०।०० कार्य सम्पन्न गरेको छ । उक्त कार्यको लागि सडक वोर्ड र नगरपालिका बीच भएको संझौता वमोजिम नगरपालिकाले ३० प्रतिशत व्यहोर्नु पर्नेमा पूरै सडम वोर्डको मात्र रु.२१,०५,९७३/- खर्च भएको देखिएको सडक वोर्डवाट कार्यक्रम संशोधन गर्नु पर्ने अनियमित देखिएको रु .

प्रमाण पेश नगरेको	६,३१,७९२

५९ **सामाजिक सुरक्षा तर्फः**

५९.१ एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरणः कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरि स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरि अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन ।

पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, दलित बालबालिका बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ५९.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५९.३ • **निस्कृय खाताः** कार्यविधिको दफा २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीका नाममा निजको उपस्थिति विना शून्य मौज्दातमा बचत खाता खोल्नुपर्ने र यसरी खोलिएको खाता सम्बन्धित लाभग्राहीले आवश्यक कागजात पेश गरेपछि क्रियाशील हुने उल्लेख छ । साथै खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा सो अनुसार विवरण प्राप्त गरि कार्य गरेको पाइएन । पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्नाही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

• विवरण पेश तथा समीक्षा र सार्वजनिक सुनुवाईः कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धि विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

६० **सामाजिक सुरक्षा प्रणालीमा दर्ता नभइका सेवाग्राहीलाई भुक्तानी** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरि स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरि अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन । पालिकाबाट सेवाग्राहीको खातामा रकम पठाउँदा रुजु नगरी जस्ताको तस्तै वैंकमा पठाएको देखियो । पालिकाले छुट रकम भनी थप रकम सेवाग्राही खातामा सूचना व्यवस्थापन प्रणालीका भएका तर सेवाग्राहीले खाता नखुलेका कारण जनाई वैंकमा रकम पठाएको देखियो । यसरी बैंकमा सेवाग्राही थप रकम पठाउँदा शाखावाट करण खोली अभिलेख जनाएर पठाएको देखिएन । दोश्रो,तेस्रो र चौथो तीनै त्रैमासिकमा छुट भनी रकम पठाएको छ जसका कारण प्रणालिमा देखाएको लाभग्राही पाउने भन्दा वढी रकम निकासा भएको यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ । पालिकाले सिष्टम भन्दा वाहिरका निम्न सेवाग्राहीलाई भुक्तानी दिएको देखिएको असुल हुनुपर्ने रु.

सि. न.	लाभग्राहीको नाम	रकम	कैफियत
१	मधु कुमारी राई	२८१४०	उमेर पूरा जेष्ठ नागरिकमा हुनुपर्ने तर भुलवस जेष्ठ भएको भनी निकासा गरेको
२	मोना कुमारी गुरुङ्ग तामाङ	१२०००	वडावाट नाम छुट भनी निकासा गरेको
३	टेक कुमारी चापागाईं	१२०००	वडावाट नाम छुट भनी निकासा गरेको
जम्मा		५२१४०।००	

असुल गर्नुपर्ने	५२,१४०

६१ **सामाजिक सुरक्षा भत्ता वितरणको तुलना** - यस पालिकावाट गत आर्थिक वर्ष २०७८।७९ र आर्थिक वर्ष २०७९।८० मा देहाय अनुसार देहाय अनुसारका लाभग्रही रहेको देखियो ।

सि.नं.	लाभग्राही वर्ग	भत्ता दर	२०७८।७९ मा रहेका लाभग्रहीको संख्या	२०७८।७९ मा रहेका लाभग्रहीको संख्या
१	ज्येष्ठ नागरिक ७० वर्ष माथि	३९९०		१९९२
२	ज्येष्ठ नागरिक दलित	२६६०		१९९
३	ज्येष्ठ नागरिक एकल महिला	२६६०		२७९
४	विधवा	२६६०		३४५
५	पूर्ण अपाङ्ग	३९९०		६७
६	अति अशक्त अपाङ्ग	२१२८		१५२
७	दलित बालवालिका	५३२		२४२

	जम्मा			**३२६७**

पालिकाले सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०७८।७९ मा लाभग्राहीलाई रु. खर्च भएकोमा आ.व. २०७९।८० मा रु.१२५०४८६६८।०० खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु. बढी खर्च भएको छ ।

सैद्धान्तिक बेरुजु

६२ **इन्जिनियरिङ्ग सुविधा -** सार्वजनिक लेखा समितिको २०६९/१/८ को निर्णयले निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्य गर्न बजेटमा व्यवस्था गरी स्रोत साधन व्यवस्थापन गर्ने, ठेक्काको विल अफ क्वान्टिटीमा इन्जिनियरिङ सुविधा राखेर निर्माण व्यवसायीलाई भुक्तानी गर्ने विषयमा नियन्त्रण गर्ने उल्लेख छ । सार्वजनिक लेखा समितिको निर्णय प्रतिकुल हुने गरी निम्न निर्माण कार्यको विल अफ क्वान्टिटीमा इन्जिनियरकोलागि मोटरसाईकल खरिद आईटम समावेशगरी निम्नानुसार भुक्तानी दिएको देखियो ।निर्माण कार्यको विल अफ क्वान्टिटीमा मोटरसाईकल खरिदवापत निर्माण व्यवसायिलाई भुक्तानि दिएकोले खरिद भएका मोटरसाईकल कार्यालयको नाममा दर्ता भई हस्तान्तरण तथा जिन्सिआम्दानि बाँधेको प्रमाण संलग्न राखि नियमित गर्नुपर्ने रु.

ठेक्का नं.	निर्माण व्यवसायिको नाम	वि. ओ . क्यू . मा समावेश विवरण	भुक्तानी
६- ०७९ / ८०	टपल्याण्ड रानिढुँगा आर एस जे. भी	Honda-XR 150 cc Bike	७०००००/-
	ल्यान्डफिल्ड	Honda-XR 150 cc Bike	०
		जम्मा	७०००००/-

अनियमित भएको	७,००,०००

६३ **भेरिएसन -** ठेक्का नं. १३- २०७८/०७९ कभर्ड हल निर्माण कार्यका निर्माण व्यवसायी कुन्सालिङ/ अरुण वरुण जे भीसँग भएको सम्झौतामा वि.ओ.क्यू. आइटमको २५ प्रतिशत भन्दा बढीको भेरिएन गर्नुपर्दा नँया दर सम्झौता गर्नुपर्ने उल्लेख छ । कार्यपालिकाको २०७९/८/२४ को निर्णयले ९.८२ प्रतिशत रु.३७७९११२/९९ भेरिएसन स्वीकृत गरेकोमा निम्न आइटमहरुमा २५ प्रतिशत भन्दा बढी भेरिएन हुँदा समेत नँया दर सम्झौता गरेको देखिएन । नँया दर सम्झौता (Rate negotiation) नगरि २५ प्रतिशत भन्दा बढी परिमाणको पुरानै दरमा भुक्तानी दिनेगरी गरेको भेरिएशन नियम सम्मत नदेखिएको रु.

आइटम नं.	विवरण	शुरु सम्झौता परिमाण	भेरिएसन पश्चात परिमाण	वृद्धि%	२५% भन्दा बढी परिमाण	दर	रकम
11	Form work	249.77	327.77	31.12	15.13	400	6115
15	Stone morter	378.65	653.98	72.71	180.67	11500	2077676
42	Transportation of excess soil	0	1105.61	100	1105.61	1083	1197508
	Total						3281300

अनियमित भएको	३२,८१,२९९

६४ **बढी दरमा भुक्तानी -** ठेक्का नं. १३- २०७८/०७९ कभर्ड हल निर्माण कार्य संचालनको क्रममा सम्झौताको विलअफ क्वान्टिटिमा रहेका विभिन्न आईटमहरुमा थपघट गरी तथा संरचना निर्माणको खनिएको माटो फाल्नुपर्ने नँया आइटम थप गरी कार्यपालिकाको २०७९/८/२४ को निर्णयले ९.८२ प्रतिशत रु.३७७९११२/९९ भेरिएसन स्वीकृत गरेको देखियो ।सोहि मितिमा ठेक्का नं. १०- २०७८/०७९ प्रशासकिय तथा कमर्शियल भवनको ९.९३ प्रतिशत भेरिएसन स्वीकृत भएकोमा दुवै कार्यमा थप भएको नँया आईटम disposal of excess soil को दर निम्नानुसार फरक राखेर भुक्तानी दिएको देखियो । कभर्ड हल निर्माण कार्यका निर्माण व्यवसायि कुन्सालिङ/ अरुण वरुण जे.भी.लाई निम्नानुसार प्रति घनमीटर रु.१९५/७३ का दरले ११०५.६१ घनमीटरको मूल्य अभिवृद्धि कर समेत रु.२४४५३३/१८ बढी भुक्तानी दिएको देखियो । बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

ठेक्का नं.	नँया आईटमको विवरण	परिमाण	दर	कैफियत
१३-२०७८/०७९	बढी भएको माटो फाल्नेकार्य	११०५. ६१ घ . मी .	१०८३/ १२	केही मिटरको दुरिमा रहेको दुवै साइटको एकै मितिमा भएको भेरिएसनमा समान कार्यको दर फरक रहेको ।
१०-२०७८/०७९	बढी भएको माटो फाल्नेकार्य	२३५९. २६ घ . मी .	८८७/ ३९	

असुल गर्नुपर्ने	२,४४,५३३

६५ **जेष्ठ नागरिक भवन -** स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानिय तहले योजना तर्जुमा गर्दा उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने लगायतका विभिन्न विषयलाई प्राथमिकतामा राखेर योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०७७/७८ को स्वीकृत कार्यक्रम बमोजिम मनकामना जेष्ठ नागरिक भवन निर्माण कार्यकोलागि मिति २०७८/३/२७ मा एक निर्माण व्यवसायिसँग सम्झौता भई मिति २०७९/७/२२ मा रु.२,५८,४६,०३६/७० को निर्माण कार्य सम्पन्न भएको र निर्माण व्यवसायिले तोकिएको म्यादभन्दा करिब २ महिना अगाडि निर्माण कार्य सम्पन्न गरेवापत बोनस रु.८,८१,८१९/११ भुक्तानि लिएको देखियो । लेखापरीक्षणको क्रममा कार्यालयलका प्राविधि सहित मिति २०८०/६/२० गते स्थलगत अनुगमन गर्दा अरुण नदी किनारबाट करीब ५० मिटर दुरीमा रहेको १ वर्ष अगाडि निर्माण सम्पन्न भएको भवनमा निर्माणको उद्देश्य बमोजिम जेष्ठ नागरिक बसेको देखिएन साथै भवनमा कोहिपनि नबस्ने हुनाले पानि तान्ने मोटर चोरी भएको, वद्युतका स्वीचहरु फुटाइएको देखियो । सिमित स्रोत साधन भएको स्थानिय तहले रु.२,६७,२७,८५५/८१ भुक्तानि खर्चगरी निर्माण गरेको भवन प्रयोग विहिन अवस्था रहेकोले खर्चको औचित्य पुष्टहुनेगरी उक्त भवन तोकिएको प्रयोजनमा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,६७,२७,८५६

६६ **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक १२ महिना भन्दा बढी अवधीको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने उल्लेख छ ।कार्यालयले निम्न निर्माण व्यवसायिसँग गरेको खरिद समझौतामा भेरिएसन पश्चात थप भएको (पुरानो आइटममा २५ प्रतिशत भन्दा बढी) आइटममा पुरानै बेस इन्डेक्स कायम राखि मूल्य समायोजन दिन मिल्ने देखिदैन। कार्यालयले प्रदेश सचिव बाट विभिन्न मितिमा स्वीकृत भएको भेरिएसन पश्चात कायम भएको नँया आइटम तथा पुरानो आइटममा २५ प्रतिशत भन्दा बढी वृध्दि भएको निम्नानुसारको परिमाणमा पुरानै बेस इन्डेक्सलाई आधारमानि निम्नानुसार मूल्य अभिवृध्दि कर समेत रु.७२६७८३/ मूल्य समायोजन भुक्तानी दिएको

देखियो । नँया आइटम तथा थप भएको पुरानो आइटममा पुरानै वेसको आधारमा भुक्तानी दिएको मूल्य समायोजन असुल गर्नुपर्ने रु.

ठेक्का नं.	निर्माण व्यवसायीको नाम	विल नं.	मूल्य समायोजन दिन नमिल्ने विल रकम	समायोजन फ्याक्टर	समायोजन रकम (मू अ कर समेत)
१३- ०७८ / ७९	कुनसालिङ/ अरुण बरुण जे . भी .	४	२६५०४१६/ ३५	०.०४२	१२५७८९/-
		५	३१५४८/-	०.०५४	१९२५/-
१०- ०७८ / ७९	पि. एस ./ अरुण बरुण जे . भी .	३	६०२४४२२/-	०.०८८	५९९०६९/-
				जम्मा	७२६७८३/-

असुल गर्नुपर्ने	७,२६,७८३

६७ **बोनस रकम -** निम्नानुसार निर्माण कार्यको खरिद सम्झौतामा तोकिएको समयभन्दा अगाडि निर्माण कार्य सम्पन्न भएमा अद्यावधिक ठेक्का रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले अधिकतम १० प्रतिशत रकम बोनस दिने उल्लेख छ । निर्माण व्यवसायीले तोकिएको म्याद भन्दा देहाय अनुसार अगाडि निर्माण कार्य सम्पन्न गरेकोले कार्यसम्पन्न रकमको आधारमा बोनस दिनुपर्ने शुरु सम्झौताको आधारमा भुक्तानी दिई बढी भुक्तानि दिएको देखियो । बढी भुक्तानि दिएको रकम असुल गर्नुपर्ने रु.

ठेक्का नं.	निर्माण व्यवसायीको नाम	कार्यसम्पन्न रकम	बोनस पाउने दिन	भुक्तानी दिएको बोनस रकम	भुक्तानी दिनुपर्ने रकम	बढी रकम
२१- ०७७ / ७८	कुन्सालिङ/ अरुण वरुण जे . भी .	२,५८,४६,०३६/ ७०	५७	८,८१,८१९/-	७,३६,६१२/-	१,४५,२०७/-
३- ०७८ / ७९	अरुण वरुण निर्माण सेवा कम्पनी प्रा. लि .	१,८४,४१,०६४/-	२१०	१८,५९,२१५/-	१८,४४,१०६/-	१५,१०८/-
					जम्मा	१,६०,३१५/-

असुल गर्नुपर्ने	१,६०,३१५

६८ **मूल्य समायोजन फ्याक्टर -** ठेक्का नं. १०-०७८/७९ प्रशासकिय तथा कमर्सियल भवन निर्माण कार्यका निर्माण व्यवसायि पि.एस.- अरुण वरुण जे.भी.लाई सम्झौता अनुसार प्रथम रनिङ्ग विलको मूल्य समायोजन भुक्तानी गर्दा समायोजन फ्याक्टर ०.०७२४०१ ले मूल्य समायोजन हिसाब गर्नुपर्नेमा ०.०७६ ले गरेको देखियो । तसर्थ प्रथम

रनिङ विलमा रु.२५८५३/- बढी मूल्य समायोजन भुक्तानि दिएको देखियो । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,८५३

६९ **एज विल्ट ड्रइङ्ग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।मनकामना जेष्ठनागरिक भवन निर्माण कार्यका निर्माण व्यवसायी कुन्सालिङ/ अरुण वरुण जे.भी.लाई निर्माण कार्यको अन्तिम विल भुक्तानी गर्दा निर्माण कार्यको नक्सावापत रु.१७५००/- भुक्तानी दिएकोमा निर्माण व्यवसायिले निर्माण कार्यको नक्सा पेश गरेको देखिएन । नक्सा पेश नगरी दिएको भुक्तानी असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१७,५००

७० **बढी परिमाण -** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५४ मा खरीद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सृजना भएमा भेरिएशन आदेश जारी गर्न सकिने व्यवस्था छ । ठेक्का नं. १०- २०७८/०७९ प्रशासकिय भवन निर्माण कार्यका निर्माण संचालन गर्ने क्रममा विल अफ क्वान्टिटिमा भएका केहि आइटमा थप घट तथा बढी भएको माटो फाल्ने आइटम थपगरी कार्यपालिकाको २०७९/८/२४ को निर्णयले ९.९३ प्रतिशत भेरिएसन स्वीकृत गरेकोमा निम्नानुसार Disposal of excess soil आईटममा ४५९.१८ घनमीटर बढी परिमाण कायम गरी प्रति घनमीटर रु८८७/३९ को दरले रु.४,०७,४७१/७४ बढी रकमको भेरिएसन स्वीकृत गरेको देखियो । यस वर्ष तेस्रो रनिङ्ग विल सम्म उक्त आइटमको १८५६/१० घनमीटरको मात्र भुक्तानी भएकोले बढी परिमाण घटाई सम्झौताको विलअफ क्वान्टिटी अद्यावधिक गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

विवरण	परिमाण
खन्ने कार्यको परिमाण	३५६२. ३७ घन मीटर
पूर्ने कार्यको परिमाण	१६६२. २९ घन मीटर
बढी हुनुपर्ने माटोको परिमाण	१९००. ०८ घन मीटर
भेरिएसनमार्फत कायम फाल्नुपर्ने माटोको परिमाण	२३५९. २६ घन मीटर
बढ परिमाण	४५९. १८ घन मीटर

असुल गर्नुपर्ने	४,०७,४७२

७१ **मूल्य अभिवृद्धि कर -** कार्यालयले निम्नानुसार निर्माण व्यवसायिहरुलाई तोकिएको समयभन्दा अगाडि निर्माण कार्य सम्पन्न गरेकोले खरिद सम्झौता बमोजिम बोनस भुक्तानीमा मूल्य अभिवृद्धिकर समेत भुक्तानी दिएको देखिएकोले भुक्तानी भएको मूल्य अभिवृद्धिकर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

ठेक्का नं.	निर्माण व्यवसायिको नाम	बोनस रकम	मू. अ . कर रकम
२१- ०७७ / ७८	कुन्सालिङ/ अरुण वरुण जे . भी .	८८१८१९/-	११४६३६/-
३- ०७८ / ७९	अरुण वरुण जे. भी .	१८५९२१५/-	२४१६९८/-

		जम्मा	३५६३३४ -

प्रमाण पेश नगरेको	३,५६,३३४

७२ **कर विजक -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई संलग्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्न निर्माण व्यवसायीलाई निर्माण सम्बन्धि विल भुक्तानी गर्दा सम्झौता बमोजिम प्रोभिजनल समको रकम भुक्तानी दिएकोमा प्रोभिजनल समको रकम निर्माण व्यवसायीले आफ्नो कर विजकमा समावेश गरेको नदेखिएकोले बिल भन्दा बढी भुक्तानी भएको देखियो । बढी भुक्तानी दिएको रकम सम्बन्धमा निर्माण व्यवसायीको कर विजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

ठेक्का नं.	निर्माण व्यवसायीको नाम	IPC no.	भुक्तानी रकम	कर विजक रकम	घटी विजक रकम
६-०७९/ ८०	टपल्याण्ड रानिढुँगा आर एस जे. भी .	1	८४३२१०३/ ३७	७५२६६३९/ १६	९०५४६४/ २१
५-०७९/ ८०	टेक्निकल इन्जिनियरिङ्ग डिजाइन कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा. ली .	1	६१३३००२/ ४८	६०४५७७१/ ४३	८७२३१/ ०४
१३-०७८/ ७९	कुनसालिङ/ अरुण बरुण जे . भी .	1	३३९३१६५/-	३०८२६१४/ १२	३१०५५१/ ६९
२१-०७७/ ७८	कुनसालिङ/ अरुण बरुण जे . भी .	5	४०२५९७७/ ९१	४००८४७७/ ९०	१७५००/-
१०-०७७/ ७८	पि. एस ./ अरुण बरुण जे . भी .	1	९२७१६८८/ ०४	८७३५१४६/ १५	५३६५४१/ ८९
		2	९९३८९२१/ ५७	९९०३४११/ ५७	३५५१०/-
३-०७८/ ७९	अरुण वरुण निर्माण सेवा कम्पनी प्रा. लि .	Final	३१४५२१८/-	३०९८२६८/-	४६९५०/-
२४-०७७/ ७८	जुम्लि निर्माण सेवा प्रा. ली .	Final	३७९४४८३/-	३७२२४८३/-	७२०००/-
				जम्मा	२०११७४९/-

प्रमाण पेश नगरेको	२०,११,७४९

७३ **उपभोक्ता समिति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष ५५०

उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई रु.१५,४७,८१,०७१/- भुक्तानी दिएको देखियो । उपभोक्ता समितिबाट संचालन गरिएका कार्यको गुणस्तर परीक्षण नहुने, निर्माण कार्यमा प्रतिस्पर्धा नहुने भएकोले गुणस्तरीयता र दिगोपनामा अभिवृद्धि हुने देखिदैन । कार्यालयले प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय निर्माण कार्य गराउन ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७४ **स्थायी लेख नम्बर -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा सार्वजनिक निकायले उपभोा सिमित वा लाभाही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायलेआन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष ५५० उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई रु.१५,४७,८१,०७१/- भुक्तानी दिएकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७५ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **उपभोक्ता समिति मार्फत कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले निम्न निर्माण गर्न उपभोक्ता समिति गठन गरी कार्य सम्पन्न भएको निर्माण विलको आधारमा भुक्तानी दिएकोमा श्रेस्ता परीक्षण गर्दा उपभोक्ता समितिले भुक्तानी पाएको भन्दा बढी रकम निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखिएकोले उपरोक्त कार्य उपभोक्ता समितिले गरेको भन्ने पुष्टि हुदैन । उपभोक्ता समितिले निर्माण कम्पनीमार्फत कार्य गराएको विजक संलग्न राखि भुक्तानी दिएको नियमित नदेखिएको रु.

सि. नं.	उपभोक्ता समितिको नाम	उ. स . ले निर्माण व्यवसायीलाई दिएको भुक्तानी रकम	उ. स . ले कार्यालयबाट भुक्तानी पाएको रकम
१	लेलुवा लप्से सडक मर्मत तथा निर्माण उ. स .	१०९०३३५/-	१०००२२२/-
२	दोभान देखी सिद्धदेवि भिरवारी मोटरबाटो स्तरोन्नती उ. स .	५५४९५९/-	४९९९०१/-
३	वडा कार्यालयदेखि मंगलादेवी टोलहुँदै लेलुवासम्म बाटो स्तरोन्नती उ. स .	५३६९४५/-	४८३२२९/-

४	जालपा मा. वि . खेल मैदान निर्माण उ . स .	५५५४७०/-	४९९११८/-
५	सिम्ले- माल्ङ्टार - आम्राङ हेलुवावेसी सडक उ . स .	१४८०१२९/-	१३४५५२६/-
		जम्मा	३८,२७,९९६/-

अनियमित भएको	३८,२७,९९६

७७ **निर्माण कार्यको विल -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७८ **विषयगत तालिम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले निम्नानुसार उपभोक्ता समुह, सहकारी तथा क्लब मार्फत देहायअनुसार कृषि तथा स्वास्थ्य सम्बन्धि तालिम र अभिमुखिकरण तथा कार्यक्रम संचालनगरी रु.६,७७,०००/- भुक्तानी गरेको छ । उपभोक्ता समिति मार्फत खरिद कार्य गराई भुक्तानी दिएको नियमित नदेखिएको रु.

सि. नं.	उपभोक्ता समितिको नाम	खरिद विवरण	भुक्तानी रकम
१	माझगाँउ कृषि समुह	व्यवसायिक पशुपंछि सम्बन्धि तालिम तथा विउ विजन खरिद र वितरण	१५००००/-
२	अरुणथान महिला बचत तथा ऋण सहकारी	किशोर किशोरी स्वास्थ्य अभिमुखिकरण	५००००/-
३	तीन पोखरी समाज विकास क्लब	स्वास्थ्य सम्बन्धी तालिम संचालन	१९७०००/-
४	सिलिचोङ क्लब समाज विकास केन्द्र	हजार दिनका महिलाहरुलाई पोषण तालिम	८००००/-

५	सिलिचोङ क्लब समाज विकास केन्द्र	हजार दिनका आमाहरुको स्वास्थ्य पोषण प्रवर्द्धन कार्यक्रम	२०००००/-
		जम्मा	६७७०००/-

अनियमित भएको	६,७७,०००

७९ **सिप विकास तालिम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माँग गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्नानुसार संस्था मार्फत सिपमुलक तालिम कार्यक्रम संचालन गरेकोमा उक्त तालिमको आवश्यकता पहिचान, प्रशिक्षार्थि तथा लाभग्राहि छनौटको आधार तथा विधि, तालिम कार्यक्रमको लागत अनुमान, कार्यक्षेत्रगत शर्त तयार नगरी सोझै सम्झौतागरी तालिम संचालन गराई रु.८,३८,६६१/- भुक्तानी दिएको देखियो ।तालिम कार्यक्रम स्वीकृत गर्नुपूर्वको कार्य, स्वीकृत तालिमको लागत अनुमान, कार्यक्षेत्रगत शर्त तयार नगरी सोझै सम्झौता गरी भुक्तानी दिएकोले नियमित नदेखिएको रु.

सि. नं.	फर्मको नाम	तालिमको विवरण	भुक्तानी रकम
१	नरबहादुर कर्मचार्य स्मृति प्रतिष्ठान संखुवासभा ।	डिप्लोमा कम्प्युटर तालिम	५०००००/-
२	संखुवासभा ड्राइभिङ सेन्टर	१८ जनालाई ड्राइभिङ तालिम	३३८६६१/-
		जम्मा	८३८६६१/-

अनियमित भएको	८,३८,६६१

८० **सुचना प्रकाशन/ प्रसारण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसारका सुचना तथा कार्यक्रम विभिन्न मिडियाहरु मार्फत तयार गरी प्रसारण वापत भुक्तानी दिएकोमा कैफियत महलमा लेखिएको प्रमाण संलग्न राखेको देखिएन । देहायको तालिकाको कैफियत महलमा उल्लेखित गरेको प्रमाण पेश गर्नुपर्ने गर्नुपर्ने रु.

सि. नं.	मिडियाको नाम	सुचना विवरण	भुक्तानी रकम	कैफियत
१	हिम शिखर मिडिया प्रा. लि .	डेंगु सम्बन्धि सचेतना	९९४४०/-	सम्झौता अनुसार १० मिनेटको कार्यक्रम तयारगरी मकालु टेलिभिजनमा दैनिक ३ पटक १ महिना प्रसारण गरेको प्रमाण छैन ।
२	ईष्टर्न मिडिया रिसर्च एण्ड डेभलप्मेन्ट प्रा. लि .	नागरिक सचेतना कार्यक्रम	४९७२००/-	सम्झौता अनुसार कार्यक्रमको विवरण तथा प्रशारण गरेको प्रमाण छैन ।
३	सत्य सञ्चार प्रा. लि .	पालिकाको राम्रा कार्य प्रसारण	४९४०९९/-	विभिन्न मिडियाहरुको सहकार्यमा प्रसारण गर्ने उल्लेख भएकोमा प्रशासरण भएको विषय वस्तु र प्रसारण प्रमाण छैन ।

४	इभर ग्रिन मिडिया नेटवर्क प्रा. लि .	आदिवासिको इतिहास र न. पा . को पर्यटकिय क्षेत्र सम्बन्धि कार्यक्रम	१६९५००/-	सम्झौता अनुसार NTV+ मा प्रसारण गरेको प्रमाण संलग्न छैन ।
		जम्मा	१२६०२३९/-	

प्रमाण पेश नगरेको	१२,६०,२३९

८१ **कार्यक्रम पेश्की -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ मा स्थानिय तयहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार उल्लेख छ । उक्त व्यवस्था अनुसार पदाधिकारिहरुले आफै संलग्नभई कार्यक्रम संचालन गर्ने देखिदैन । तर पालिकाले विभिन्न कार्यक्रम संचालनको लागि वडा अध्यक्षहरुलाई पेश्कि उपलब्ध गराएको देखिय । पदाधिकारीहरु स्वीकृत कार्यक्रम तोकिएबमोजिम संचालन भए नभएको नियमन तथा अनुगमन गरी तोकिएबमोजिम संचालन गर्न निर्देशन दिने हुनाले आफै पेश्की लिई कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण गर्नपर्दछ । केही उदाहराण निम्नानुसार रहेका छन:

गो. भौ . नं./ मिति	पदाधिकारीको नाम	प्रयोजन	रकम
३३६- ०७९/१०/१८	वडा नं. ३ अध्यक्ष भरत कुमार घिमिरे	खेलकुद सामाग्री खरिद	१०००००/-
४५६- ०७९/१२/९	वडा नं. ३ अध्यक्ष भरत कुमार घिमिरे	खेलकुद सामाग्री खरिद	९००००/-

सैद्धान्तिक बेरुजु

८२ **संचार खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । नगरपालिकाको पदाधिकारिहरुलाई मासिक रुपमा संचार सुविधा भुक्तानी दिएको तथा कर्मचारीहरुलाई रिचार्ज दिने सम्बन्धि कानुनी व्यवस्था नभएकोमा कार्यालयले निम्नानुसार रिचार्ज वापत भुक्तानी खर्च लेखेको देखियो । विभिन्न कर्मचारी तथा पदाधिकारीको मोवाइल रिचार्ज गर्नेकार्य नियमानुसार नहुने भएकोले यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८३ **अन्य निकाय खर्च -** पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका सघ/सस्था र कार्यालयलाहरुलाइ निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु.

कार्यलयको नाम	वापत	रकम

सित्तलपाटी प्रहरी चौकी	कार्यालय व्यवस्थापन	१०००००/-
नेपाल रेडक्रस सोसाइटी	अधिवेशन सहयोग, सोलार खरिद र रक्तसंचार कोठ मर्मत	२२३०५७/-
मालपोत कार्यालय खाँदवारी	फर्निचर खरिद	१९०९७०/-
जिल्ला प्रहरी कार्यालय	शौचालय निर्माण	२५००००/-
खाँदवारी एफ एम	भवन निर्माण	१९३६४९/-
	जम्मा	९५७६७६/-

अनियमित भएको	९,५७,६७६

८४ **सोझै खरिद -** सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी दश लाख रुपैया भन्दा बढीको लागत अनुमान भएको मालसामान एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले एस.एम.ट्रेडर्स एण्ड सप्लायर्स, काठमाडौबाट नियमावलीमा तोकिएको सिमा भन्दा बढी रु.१९३०१२४/- को कार्यालय संचालन सामाग्री खरिद गरेको देखियो । नियमावलीको सिमा भन्दा बढी रकमको खरिद एकै फर्मबाटगरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१९,३०,१२४

८५ **नाफामुलक संस्था अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका १५००००/- नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

क सं	अनुदान प्राप्त गर्ने संस्था	अनुदान व्यहोरा	अनुदान रु.
१	मिरमिरे बहुउद्देश्यिय कृषि सहकारी संस्था लि.	फर्निचर व्यवस्थापन	५००००/-
२	नेवा बहुउद्देश्यि सहकारी संस्था लि.	फर्निचर व्यवस्थापन	१०००००/-
		जम्मा	१५००००/-

अनियमित भएको	१,५०,०००

८६ **विद्युत महशुल -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले वडा नं. ८ को स्वीकृत कार्यक्रम वमोजिम गरिव तथा विपन्न वर्गको विद्युत महशुल वापत नेपाल विद्युत प्राधिकरणलाई रु.१,००,०००/- भुक्तानी दिएकोमा गरिव तथा विपन्न परिवारको विवरण र लाभग्राहिको नाममा जारि भएको महशुल विजक संलग्न राखेको देखिएन । खर्च पुष्टि हुने आधार प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

८७ **कर शिक्षा कार्यक्रम -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २६ मा स्थानीय तहले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहकोलागि तोकिएको विषयमा साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने उल्लेख छ । कार्यालयले उद्योग वाणिज्य संघ, संखुवासभाको साझेदारीमा कर शिक्षा तथा व्यापार सुदृढिकरण कार्यक्रम संचालन वापत उद्योग वाणिज्य संघ संखुवासभालाई रु.१०,००,०००/- भुक्तानी दिएकोमा साझेदारिमा कार्यक्रम संचालन गर्दा के कस्ता कार्यक्रम संचालन गर्ने र सो कार्यमा हुने खर्चको साझेदारि कसरी हुने सम्बन्धि कृयाकलाप तथा लागत सम्झौता गरेको देखिएन । श्रेस्ता परीक्षणगर्दा तालिम तथा अभिमुखिकरण कार्यमा खर्चभएको खाजा तथा खानाको केही विल र ल्यापटप, प्रोजेक्टर, पंखा , कुर्सी खरिद, शौचालय मर्मत लगायतका विल संलग्न राखेको देखियो । पेशगत हितको लागि स्थापना भएको संस्थाको सामाग्रि खरिद तथा कार्यालय व्यवस्थापनकोलागि पालिकाले रकम भुक्तानी दिएको नियमसम्मत देखिएन । स्वीकृत कार्यक्रम बमोजिम साझेदारिमा संचालन भएको कर शिक्षा सम्बन्धि खर्च यकिनगरी बाँकी रकम असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,००,०००

८८ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.१४८९०७०/- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

सि. नं.	फर्मको नाम	सफ्टवेयरको नाम	भुक्तानी रकम
१	सिबेक टेक्नोलोजी प्रा. ली.	Website management software	४९७२००/-
२	परफेक्ट एक्टिभ सोलुसन प्रा. लि.	Digital display board software	४९५८००/-
३	ग्लोवल रोशनी भिलेज एण्ड कन्सल्टेन्सी	अपाङ्गता परिचयपत्र तथा गुनासो सुनुवाई सम्बन्धि सफ्टवेयर	४९६०७०/-
		जम्मा	१४८९०७०/-

सैद्धान्तिक बेरुजु

८९ **खानेपानी पँहुच अध्ययन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले शुद्ध खानेपानीमा जनताको पहुँच विषयको अध्ययन कार्यको लागि समिन रिसर्च इन्ष्टिच्युट प्रा.लि. सँग सम्झौतागरि प्रतिवेदनको आधारमा रु.४,९६,०७०/- भुक्तानी दिएको देखियो । परामर्शदाताले पेश गरेको प्रतिवेदनमा सुचना संकलन तथा वश्लेषण विध, प्रस्तुतिकरण तालिका, पालिकाको खानेपानी पहुँच सम्बन्धि योजना र कार्यक्रम तथा वास्तविकता विचको फरक सम्बन्धम कुनै तथ्यगत विश्लेषण नगरी सैद्धान्तिक परिचयात्मक

र व्याख्यात्मक प्रतिवेदन पेश गरेको देखियो । कुनै तथ्य वश्लेषण नगरी सैद्धान्ति तथा परिचयात्मक प्रतिवेदनको आधारमा भुक्तानीदिनु औचित्यपूर्ण नदेखिएको रु.

अनियमित भएको	४,९६,०७०

९० **जोखिमक्षेत्र नक्साङ्कन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले नगरपालिकाको जोखिमक्षेत्र पहिचान नक्साङ्कन कार्यको लागि ईष्टर्न मिडिया रिसर्च एण्ड डेभलपमेन्ट प्रा.लि. सँग सम्झौतागरि प्रतिवेदनको आधारमा रु.३,९८,८९०/- भुक्तानी दिएको देखियो । परामर्शदाताले पेश गरेको प्रतिवेदनमा जोखिमक्षेत्र नक्साङ्कनको आधार तथा विधि, प्राविधिक नाप नक्सा केही उल्लेख नगरि विभिन्न प्रकारको जोखिमको परिभाषा, पहाडिक्षेत्रमा हुने जोखिमको विषय वस्तुहरु सैद्धान्तिक रुपमा उल्लेख गरेको देखियो । कुनै प्रकारको ठोस नक्साङ्कन नगरी सैद्धान्ति तथा परिचयात्मक प्रतिवेदनको आधारमा भुक्तानीदिनु औचित्यपूर्ण नदेखिएको रु.

अनियमित भएको	३,९८,८९०

९१ **कार्य सम्पादन कार्यविधि -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ मा नगरसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न लेखा समिति लगायत समितिहरु गठन गर्न सक्ने उल्लेख छ । कार्यालयले सार्वजनिक लेखा समितिको कार्य सम्पादन कार्यविधी , २०७९ ईष्टर्न मिडिया रिसर्च एण्ड डेभलपमेन्ट प्रा.लि. मार्फत तयार गराई रु.९९४४०/- भुक्तानी दिएको देखियो । सभाले गठन गर्ने समितिको कार्यजिम्मेवारि समेत सभाले तोके बमोजिम हुने भएकोले उक्त कार्य परामर्शदाता मार्फत गराएको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	९९,४४०

९२ **सेवा मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको काम, कर्तव्य तथा अधिकार उल्लेख छ ।त्यसैगरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २५ मा प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउमा नागरिक बडापत्र राख्नुपर्ने र बडापत्रमा खुलाउनुपर्ने विषय समेत उल्लेख छ । साथै सोही ऐनले कार्यालयको प्रवक्ता, सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारी तोक्नुपर्ने उल्लेख छ । कार्यालयले कार्यालयको सेवा मापदण्ड र सुचक तयार गर्ने कार्य ट्रेड म्याक्स कम्पनी प्रा.लि. मार्फत गराई रु.४,९१,५५०/- भुक्तानी दिएको देखियो । उपरोक्त कानुनि व्यवस्था बमोजिम कार्यालयले डिजिदल र लिखित दुवै नागरिक बडापत्र तयारगरेको, प्रवक्ता, सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारी तोकेको अवस्थामा छुटै परामर्शदाता मार्फत सेवाको मापदण्ड र सुचक तयार गरी भुक्तानि दिन मिल्ने नदेखिएको रु.

अनियमित भएको	४,९१,५५०

९३ **कार्यविध निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने र दफा १०२(२) मा नगरपालिकाले बनाएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ ।नगरपालिकाले आवश्यक ऐन र सो ऐन अन्तर्गत कार्यपालिकाले बनाउने नियम, निर्देशिका विभिन्न समयमा संघीय मन्त्रालयले पठाएको नमुना कानुन, संघीय तथा प्रदेश मन्त्रालय र विभागले स्वीकृतगरी वेवसाइटमा राखेका निर्देशिका, कार्यविधिको आधारमा कार्यालयका कर्मचारीहरु मार्फत तयार गर्नुपर्नेमा सो नगरी निम्नानुसार परामर्शदाता मार्फत तयार गरी भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

सि. नं.	परामर्शदाताको नाम	तयार भएका कानुनको विवरण	भुक्तानी रकम
१	ओपन मिडिया एण्ड कन्सल्टेन्सी प्रा. ली .	लैङ्गिकमैत्रि बजेट निर्माण कार्यान्वयन कार्यविधि २०७९ लगायत	४९७२००/-
२	कमन इन्टरनेशनल मिडिया प्रा. लि .	सार्वजनिक निजि साझेदारी विधेयक लगायत	४९६०७०/-
		जम्मा	९९३२७०/-

अनियमित भएको	९,९३,२७०

९४ **सोझै खरिद -** सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी दश लाख रुपैया भन्दा बढीको लागत अनुमान भएको मालसामान एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख छ ।कार्यालयले निम्नानुसार तोकिएको सिमाभन्दा बढीको मोटर साइकल सोझै खरिद गरि भुक्तानी दिएको देखियो । तोकिएको सिमाभन्दा बढी रकमको सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु.

भौ. नं ./ मिति	खरिद विवरण	भुक्तानी रकम
२९- ०७९ / ६ / ५	XR- 150 cc Bike 1 nos	६४९९००/-
२६- ०७९ / ५ / २९	X- Pluse200 cc Bike 1 nos	४५२५००/-
२१५- ०७९ / ११ / २६	Apache - 160 cc Bike 2 nos	६३९९१४/-
२४५- ०७९ / १२ / १०	X- Pluse200 cc Bike 1 nos	४५२५००/-
	जम्मा	२१, ९४ , ८१४ /-

अनियमित भएको	२१,९४,८१४

९५ **दिगो विकास लक्ष्य स्थानियकरण -** राष्ट्रिय योजना आयोगले दिगो विकासको लक्ष्य स्थानीयकरण सम्बन्धि स्रोत पुस्तिका, २०७७ तयारगरी २०७७ साल पुष महिनामा प्रकाशन गरेको छ । कार्यालयले दिगो विकास लक्ष्यको स्थानीयकरण सम्बन्धि कार्य गर्न ग्लोवल रोशनी भिलेज एण्ड कन्सल्टेन्सीसँग सम्झौतागरी रु.४,९६,०७०/- भुक्तानी दिएको देखियो । उक्त परामर्शदाताले पेश गरेको प्रतिवेदन अध्ययनगर्दा सम्पूर्ण विषयवस्तु राष्ट्रिय योजना आयोगले तयार गरेको स्रोत पुस्तिकाको सैद्धान्तिक विषयका साथै नगरपालिकाको वार्षिक नीति,कार्यक्रम तथा बजेटमा समावेश विषयवस्तु भएकाले परामर्शदातालाई दिएको भुक्तानी औचित्यपूर्ण देखिएन । योजना आयोगले तयार गरेको स्रोत पुस्तिकाको आधारमा वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयवस्तु छुटै परामर्शदाता मार्फत गराई भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	४,९६,०७०

९६ **डकुमेन्ट्रि निर्माण खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले पालिकाको आर्थिक, सामाजिक, पर्यटन, विकास निर्माण तथा योजनाहरुको विषयमा नागरिकलाई जानकारि गराउने उद्देश्यले एकिकृत रुपमा सबै विषय समेटिनेगरी डकुमेन्ट्रि

तयारगरी स्थानिय तथा राष्ट्रिय स्तरको संचार माध्यम मार्फत प्रकाशन तथा प्रसारण गर्नुपर्नेमा निम्नानुसार विविध नाममा भुक्तानी खर्च गरेको देखियो । निम्न मध्ये कुन फर्मले तयार गरेको रुपरेखा, वस्तुस्थिति वा डकुमेन्ट्रिले सबै विषय समेट्ने कुराको यकिन तथा सोको प्रकाशन प्रसारण गरेको प्रमाण संलग्नराखि दोहोरो हुनेगरी दिएको भुक्तानी असुल गर्नुपर्ने रु.

गो. भौ . नं ./ मिति	फर्मको नाम	वृत चित्र विवरण	भुक्तानी रकम
६०६- ०८०/१/ २८	ड. जि . बि . बिल्डर्स एण्ड इन्जिनियरिङ्ग सर्भिस प्रा . लि .	खाँदवारी नगरपालिकाको सामाजिक आर्थिक क्षेत्रको वस्तुस्थिति रुपरेखा तयारी	१०९९८९/-
८८५- ०८०/३/२४	समिन रिसर्च इन्टिच्युट प्रा. ली .	संखुवासभा जिल्लाको आर्थिक सामाजिक वस्तु स्थिती तयारी	१२२१९८२/-
३९- ०७९/६/३१	घुमघाम मिडिया प्रा. लि .	आर्थिक, सामाजिक , धार्मिक , पर्यटकिय पक्ष समावेशगरी वृतचित्र तयारी	४६८९५०/-
५८- ०७९/८/११	कमन इन्टरनेशनल मिडिया प्रा. लि .	मनकामना मन्दिर र सतिघाटको वृतचित्र निर्माण	९९४४०/-
२८९- ०७९/१०/२	हिलटप नेपाल	वडा नं. ६ डकुमेन्ट्रि	१०००००/-
८५१- ०८०/३/२४	नागरिकचासो मल्टिमिडिया	वडा नं. ६ डकुमेन्ट्रि	१०००००/-
		जम्मा	२९,००,३६१ /-

असुल गर्नुपर्ने	२९,००,३६१

९७ **डिपिआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क.सं.	कामको विवरण	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजना लागत
१	Preparation DER of landfill site	Arc Consultancy pvt. ltd.	१०६७८५०	२३५०७०९४
२	Preparation of DER of Arun-Guthirar Lift system water supply	Manvas Engineering consultant pvt.ltd.	४२६५००	२१९९४४२
३	Preparation of DPR of Dholbaje park	Triangle Consulting engineers Pvt.ltd.	४८९२९०	३५७६४४६२
४	Preparation of DPR of Dubechaur Khartuwa Road	युज्भी इन्जिनियरिंग सोलुसन	४९३५८४	१३९०५६२११
५	Preparation of DPR of ward no 11 malingtar Road	रोयल एक्सिस इन्जिनियरङ प्रा लि	४९२११५	२३७५८२६६१

६	Preparation of DPR clock tower	Dignity Engineering consultant	४५५०७०	२०६६८४२१
७	Preparation of DER of Jalpa devi basic school	Long vision engineering and management consult pvt ltd.	४९८३३०	३०१९०५७९
८	Preparation of DPR of Ramche park	Innovative Engineering Pvt. Ltd.	४९७०८७	११७७२११८
९	Preparation of DER of shree Himalaya basic school Ramche	Bikram Consultant pvt. ltd.	४९७०८७	५२०५६८६३
१०	Preparation of IEE of Ward no 11 malingtar Road	Infra Develop consult pvt.	४९१५५०	
११	Preparation of IEE of Debechhaur satkuwa Road	G.S. Engineering solution	४५४८२५	
१२	Study of people's access to clean driking water sanitation	Samin Research institute	४९६०७०	
		जम्मा	५३७६४८४	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेटकै हाराहारीमा हुनेगरी शहरी विकास मन्त्रालय तथा सडक विभागको नर्म्सलाई आधार मानि तयार गरेकोमा कुन विशेषज्ञ कति कार्यदिन लाग्ने सम्बन्धि आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

९८ **विद्यालय शिक्षाको गुणस्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले सामुदायिक विद्यालयहरुको गुणस्तरीय शिक्षा सम्बन्धि अध्ययन कार्यको लागि समिन रिसर्च इन्ष्टिच्युट प्रा.लि. सँग सम्झौतागरि प्रतिवेदनको आधारमा रु.४,९४,९४०/- भुक्तानी दिएको देखियो । परामर्शदाताले पेश गरेको प्रतिवेदनमा सुचना संकलन तथा वश्लेषण विध, प्रस्तुतिकरण तालिका, पालिकाको विद्यालय शिक्षा सम्बन्धि नीति तथा कार्यक्रम वास्तविकता विचको फरकका साथै अध्ययनले गरेका Findings, सोको कारण र निराकरण सम्बन्धमा उपनाउने पर्ने विधिको सिफारिस सम्बन्धम कुनै तथ्यगत विश्लेषण नगरी सैद्धान्तिक परिचयात्मक र व्याख्यात्मक प्रतिवेदन पेश गरेको देखियो । कुनै तथ्य वश्लेषण नगरी सैद्धान्ति तथा परिचयात्मक प्रतिवेदनको आधारमा भुक्तानीदिनु औचित्यपूर्ण नदेखिएको रु.

अनियमित भएको	४,९४,९४०

९९ **विपत व्यवस्थापन सामाग्रि -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने

उल्लेख छ । कार्यालयले विपत व्यवस्थापनको लागि १२१ वटा त्रिपाल र ५५ वटा बेल्चा लगायतका सामाग्रि खरिदगरी रु.५४८०३८/- भुक्तानी खर्च गरेकोमा उक्त सामाग्रि वितरण भएको भरपाई संलग्न राखेको देखिएन । खरिद भएका सामाग्रि सम्बन्धित लाभग्राहिले बुझेको भरपाई पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,४८,०३८

१०० **सामाग्रि खरिद अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्दछ ।पालिकाले निम्नानुसार लक्ष्ति समुहहरुलाई सामाग्रि खरिदको विल संलग्न राखि भुक्तानी दिएको देखियो । सामाग्रि खरिद कार्य सार्वजनिक खरिद ऐन नियमको पालनागरी कार्यालयले गर्नुपर्ने र स्वीकृत कार्यक्रम बमोजिम संस्था समुहलाई हस्तान्तरण गर्ने तथा सोको सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन संलग्न राख्नुपर्नेमा समुह/ संस्थाले खरिद गरेको विल संलग्न राखि भुक्तानि दिएको नियमसम्मत नदेखिएको रु.

सि. नं .	संस्था/ समुहको नाम	विवरण	भुक्तानी रकम
१	जागरुक आमा समुह	ल्यापटप, प्रिन्टर खरिद	१०००००/-
२	दलित वर्ग उत्थान कार्यक्रम	कम्प्युटर, प्रिन्टर खरिद	९६०८०/-
		जम्मा	१९६०८०/-

अनियमित भएको	१,९६,०८०

१०१ **कृषि अनुदान -** पालिकाले कुनै पनि फर्मको नाम तोकेर अनुदान दिनेगरी कार्यक्रम स्वीकृत गर्नपाउने कानुनी व्यवस्था छैन । पालिकाको स्वीकृत कार्यक्रममा एभरेष्ट अर्गानिक तथा पशु पालन फर्मलाई सहयोग कार्यक्रम रहेको र सोही बमोजिम हाइटेक टनेल निर्माण सम्बन्धि विल संलग्न राखि रु.३६९०००/- भुक्तानी दिएको देखियो । कृषि सम्बन्धि अनुदान कार्यक्रम वितरण गर्दा सार्वजनिक सुचना प्रकाशनगरी तोकिएको मापदण्ड पुरा भएका फर्म छनौटगरी समानरुपमा सबै कृषक सहभागि हुन पाउने गरी कार्यक्रम स्वीकृत संचालन नगरी फर्मको नाम तोकेर दिएको सहयोग नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	३,६९,०००

१०२ **तालिम खाजा खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।गरिबि निवारणकालागि लघुउद्यम विकास कार्यक्रमको वार्षिक कार्यक्रम तथा खर्च गर्नेसम्बन्धि मापदण्ड समेत संघिय सशर्त कार्यक्रम अनुदान कार्यालयलाई प्राप्त भई सोही बमोजिम खर्च समेत भएकोमा कार्यालयले सो कार्यक्रमका सहभागिहरुलाई खाजाखर्च नपुग भएकोले कार्यपालिकाको मिति २०७९/११/२१ को निर्णयानुसार विभिन्न होटेलको खाजाको विल संलग्न राखि रु.१५००००/- भुक्तानी दिएको देखियो । तोकिए बमोजिम संघिय शशर्त कार्यक्रम अन्तरगत तालिम कार्यक्रमको सम्झौता संस्थासँग भएकोमा खाजा खर्च छुटै गर्नुपर्ने नदेखिएकोले यस कार्यमा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,५०,०००

१०३ **सार्वजनिक पार्किङ -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।नगरपालिकाले बजारक्षेत्रमा व्यवस्थित सवारी पार्किङको लागि करिब २ रोपनी जग्गा मासिक रु.८०००/- भाडा भुक्तानी गर्नेगरी मिति २०७९/४/१९ जग्गाधनिसँग सम्झौतागरि यस वर्ष २०७९ चैत्रसम्मको जम्मा रु.७२०००/- भाडा भुक्तानी दिएकोमा उक्त पार्किङ्ग संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा कुनै संस्था वा व्यक्तिसँग सम्झौता गरेको वा कार्यालयकै कुनै कर्मचारीलाई जिम्मेवारी दिएको देखिएन । साथै पार्किङ शुल्क निर्धारण गरेको तथा सो वापत कुनै प्रकारको आय समेत नभएको देखिएकोले सो वापत गरेको खर्च औचित्यपूर्ण नदेखिएको रु.

अनियमित भएको	७२,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष- २०७९/८०

कार्यालय र स्थान- खाँदवारी नगरपालिका, संखुवासभा , खाँदबारी नगरपलिका , संखुवासभा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	युवराज आचार्य	२०७९-२-३०	२०८०-५-६
कार्यालय प्रमुख	निर्माण कुमार कार्की	२०८०-५-६	हाल सम्म कार्यरत
लेखा प्रमुख	रुद्र मणी श्रेष्ठ	२०७६-१२-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण-

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५,६०६,३८४	२३,८९०,७९४	३८,४०७,७२७	०	०	१,२०७,४९०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	६९,११२,३९५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	१०७,१७७
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६९,००५,२१८

स्थानीय तह-

गत बर्षको जिम्मेवारी		१०५८३२९६२.५८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५७३६०४८१८	**चालु खर्च**	४६८४९१४४१.५५
प्रदेश सरकारबाट अनुदान	३०१०२२५०	**पूँजीगत खर्च**	२७३२९४८६८.२४
राजश्व बाँडफाँट	८६४६७२८९.६	**वित्तीय/अन्य व्यवस्था**	२०२६०६९६७.८
आन्तरिक आय	३३८८५२९८.१५		
अन्य आय	१६२२०७५१४		
कुल आय	८८६२६७१६९.७५	**कुल खर्च**	९४४३९३२७७.५९
बाँकी मौज्दात		४७७०६८५४.७४	

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३

आ.व.: २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१								
प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		९२,१७,९०,६४५.११	७४,३१,२७,०८५.९५		७४,३१,२७,०८५.९५	७०,०३,०१,०९९.४५		७०,०३,०१,०९९.४५
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		८४,८८,५३,९२४.२४	७०,४४,०४,८२३.९५	०	७०,४४,०४,८२३.९५	६४,९२,६०,२६७.९५	०	६४,९२,६०,२६७.९५

११००० कर	११	१३,७६,१२,८००.००	१०,११,१५,५४२.७७	०	१०,११,१५,५४२.७७	११,१०,६१,०९४.३७	०	११,१०,६१,०९४.३७
१३००० अनुदान		६३,८७,५७,०००.००	५८,४०,५२,२३६.२०	०	५८,४०,५२,२३६.२०	५१,७४,४४,८०४.९६	०	५१,७४,४४,८०४.९६
संघीय सरकार	१२	६०,७३,२७,०००.००	५५,५७,७५,९७५.२०	०	५५,५७,७५,९७५.२०	४८,८२,३५,७९०.९६	०	४८,८२,३५,७९०.९६
प्रदेश सरकार	१२	३,१४,३०,०००.००	२,८२,७६,२६१.००	०	२,८२,७६,२६१.००	२,९२,०९,०१४.००	०	२,९२,०९,०१४.००
१४००० अन्य राजस्व		१,७४,२२,४८८.०१	१,७३,५६,२२४.७४	०	१,७३,५६,२२४.७४	२,०४,८८,०९४.६२	०	२,०४,८८,०९४.६२
१५००० विविध प्राप्ति		४,५०,०००.००	१८,८०,८२०.२४	०	१८,८०,८२०.२४	२,६६,२७४.००	०	२,६६,२७४.००
३२००० वित्तीय सम्पत्ति		५,४६,११,६३६.२३	०	०	०	०	०	०
ख. अन्य प्राप्ति		७,२९,३६,७२०.८७	३,८७,२२,२६२.००		३,८७,२२,२६२.००	५,१०,४०,८३१.५०		५,१०,४०,८३१.५०
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		७,२९,३६,७२०.८७	३,१९,१०,८२२.००	०	३,१९,१०,८२२.००	४,७८,७९,३१५.५०	०	४,७८,७९,३१५.५०
धरौटी		०	६८,११,४४०.००	०	६८,११,४४०.००	३१,६१,५१६.००	०	३१,६१,५१६.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		९२,१७,९०,६४५.११	७९,९३,७०,१९३.७९		७९,९३,७०,१९३.७९	७२,७७,०८,४२०.१३		७२,७७,०८,४२०.१३
ग. भुक्तानी (सञ्चित कोषबाट)		८४,८८,५३,९२४.२४	७४,१७,८६,३०९.७९		७४,१७,८६,३०९.७९	६८,५५,०६,३१३.१३		६८,५५,०६,३१३.१३
२१००० पारिश्रमिक / सुविधा	१८	२८,५१,२१,०००.००	२५,९९,१९,३८३.९२	०	२५,९९,१९,३८३.९२	२४,८२,३०,०६९.००	०	२४,८२,३०,०६९.००
२२००० मालसामान तथा सेवाको उपयोग	१८	२५,६५,२७,६२४.२४	२०,८०,६०,९३७.६३	०	२०,८०,६०,९३७.६३	१७,८५,०६,६४९.६१	०	१७,८५,०६,६४९.६१
२५००० सहायता (Subsidy)	१८	०	०	०	०	५०,०००.००	०	५०,०००.००

२७००० सामाजिक सुरक्षा	१८	१६,०००.००	०	०	०	८५,००,०००.००	०	८५,००,०००.००
२८००० अन्य खर्च	१८	१३,००,०००.००	५,११,१२०.००	०	५,११,१२०.००	१३,२७,७०४.५६	०	१३,२७,७०४.५६
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३०,५८,८९,३००.००	२७,३२,९४,८६८.२४	०	२७,३२,९४,८६८.२४	२४,८८,९१,८८९.९६	०	२४,८८,९१,८८९.९६
३२००० वित्तीय सम्पत्ति	१८	०	०	०	०	०	०	०
घ. अन्य भूक्तानी		७,२९,३६,७२०.८७	५,७५,८३,८८४.००		५,७५,८३,८८४.००	७२,७७,०८,४२०.१३		७२,७७,०८,४२०.१३
कोषहरु		७,२९,३६,७२०.८७	५,३८,४१,१२२.००	०	५,३८,४१,१२२.००	४,०६,२१,६३२.००	०	४,०६,२१,६३२.००
धरौटी		०	३७,४२,७६२.००	०	३७,४२,७६२.००	१५,८०,४७५.००	०	१५,८०,४७५.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)			(५,६२,४३,१०७.८४)		(५,६२,४३,१०७.८४)	(२,७४,०७,३२०.६८)		(२,७४,०७,३२०.६८)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१०,५८,३२,९६२.५८		१०,५८,३२,९६२.५८	१३,६८,०४,२८३.२६		१३,६८,०४,२८३.२६
वर्षान्तको बाकी रकम (ङ + च)			४,९५,८९,८५४.७४		४,९५,८९,८५४.७४	१०,९३,९६,९६२.५८		१०,९३,९६,९६२.५८
बैंक तथा नगद बाकी	२४		४,७७,०६,८५४.७४		४,७७,०६,८५४.७४	१०,५८,३२,९६२.५८		१०,५८,३२,९६२.५८

बेरूजु दफा ४४ सँग सम्बन्धित विवरण - अनुसूची -४

विवरण	संख्या	दर	रकम
सुत्केरी उत्प्रेरणा	५०	३०००	१५००००

सुत्केरी यातायात	५०	८००	४००००
सुत्केरी गराए वापत स्वास्थ्य संस्थालाई दिएको रकम	५०	२५००	१२५०००
सुरक्षित गर्भ पतन प्रोत्साहन	५०	८००	६४०००
न्यानो झोला	१००	९६०	९६०००
जम्मा			४७५०००।००

बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -५

क्र.स	कर्मचारीहरुको नाम	भुक्तानी भएको ग्रेड रकम	भुक्तानी हुनु पर्ने ग्रेड रकम	बढी भुक्तानी	कर्मचारी संचयकोष थप	कुल जम्मा
१	गणेश विश्वकर्मा	१०१९०४	८९१६६	२०८४४	२०८५	२२९२९
२	विष्णुमाया गुरुङ	९३७९८	७८७४४	१५०५४	१५०५	१६५५९
३	संजिता श्रेष्ठ	६४८४८	५५५८४	९२६४	९२६	१०१९०
	जम्मा					४९६७८/-

बेरूजु दफा ४७.१ सँग सम्बन्धित विवरण - अनुसूची -६

गो. भौ . नं र मिति	विवरण	रकम	कैफियत
१४/ २०७९।६।३१	मोविल, एयर फिल्टर समेत मर्मत	२८७४०	
३९/ २०७९।९।२६	दैनिक भ्रमण भत्ता	२२२००	
६१/ २०७९।११।३	मोटरसाइकल मर्मत	६५२६४	
५८/ २०७९।१०।१७	दैनिक भ्रमण भत्ता	२९५००	

९३/ २०७९।१२।१३	डोर हाजीरी	४०२००	का. स . मनकला गुरुङ्ग
९८/ २०७९।१२।१४	दैनिक भ्रमण भत्ता	४९०००	
१९२/ २०८०।२।२३	गाडी भाडा	६९४३	
३५५/ २०८०।३।२४	विपन्न सिफारिस भत्ता	६८०००	नगर प्रमुख १४ दिन समेत
३५९/ २०८०।३।२४	नेपाल विद्युत प्राधिकरण	१५००००	फागुन महिनाको विल रु. १२००००।०० जरिवाना रु ३०००० समेत १५००००
३५९/ २०८०।३।२४	नेपाल दुरसंचार क. लि .	१५००००	पेश्की दिएको कुन सेवाको लागि हो प्रष्ट नखुलेको
२१४/ २०८०।३।३२	रिर्चाज लगायतका सामान	२१०००	
१४७/ २०८०।१।१३	दैनिक भ्रमण भत्ता	३००००	
१३५/ २०८०।१।६	डोर हाजिर	५६७३०	
१३२/ २०७९।१२।३०	इन्टरनेट जडान	१०५०००	
११३/ २०७९।१२।१०	दैनिक भ्रमण भत्ता	२१६५०	
१०९/ २०७९।१२।१९	परीक्षा संचालन	१३८१५०	
९९।२०७९।१२।१४	दैनिक भ्रमण भत्ता	४०९५०	
जम्मा		१०२३३२७	

बेरूजु दफा ५२.१ सँग सम्बन्धित विवरण - अनुसूची -७

सि न	प्रशिक्षक	कक्षा	लिएको दर	वढी	कैफियत
१	दिपेन काफ्ले	३	३०००	६०००	रैथाने वालि सम्वन्धी तालिम

२	सायम घिमिरे	१	३०००	२०००	रैथाने वालि सम्वन्धी तालिम
३	दिपेन काफ्ले	२	३०००	४०००	सुन्तला पकेट क्षेत्र सम्वन्धी तालिम
४	दिपेन काफ्ले	३	३०००	६०००	रैथाने वालिको महत्व सम्वन्धी तालिम
५	सायम घिमिरे	१	३०००	२०००	रैथाने वालिको महत्व सम्वन्धी तालिम

बेरूजु दफा ५२.२ सँग सम्बन्धित विवरण - अनुसूची -८

सि न	नाम थर	विवरण	दर	कैफियत
१	दिपेन काफ्ले	कार्यक्रम तयारी	१६००	रैथाने वालि सम्वन्धी तालिम
२	दिलिप कुमार श्रेष्ठ	कार्यक्रम तयारी	१६००	रैथाने वालि सम्वन्धी तालिम
३	रेनुका सुनाम	समन्वय कर्ता	१०००	रैथाने वालि सम्वन्धी तालिम
४	कृष्ण मोहन श्रेष्ठ	समन्वय कर्ता	१०००	रैथाने वालि सम्वन्धी तालिम
५	दिपेन काफ्ले	कार्यक्रम तयारी	१६००	सुन्तला पकेट क्षेत्र सम्वन्धी तालिम
६	दिलिप कुमार श्रेष्ठ	कार्यक्रम तयारी	१६००	रैथाने वालिको महत्व सम्वन्धी तालिम
७	दिपेन काफ्ले	कार्यक्रम तयारी	१६००	रैथाने वालिको महत्व सम्वन्धी तालिम
८	दिपक मणि घिमिरे	समन्वय कर्ता	१०००	रैथाने वालिको महत्व सम्वन्धी तालिम
९	दिपक निरौला	समन्वय कर्ता	१०००	रैथाने वालिको महत्व सम्वन्धी तालिम

बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -९

सि नं	नाम थर	दिन	दर	रकम	पारिश्रमिक कर कट्टि पछि	कैफियत

१	नगर प्रमुख महेश थपलिया	२	१५००	३०००	२५५०	
२	प्र.प्र.अ. युवराज आचार्य	२	१५००	३०००	२५५०	
३	दिपेश काफ्ले	२	१५००	३०००	२५५०	
४	अमृता गुरुङ्ग	७	२००	१४००	११९०	हाजिर नभएको
५	दिनेश कट्टेल	२	१५००	३०००	२५५०	संयोजक भत्ता समेत लिएको
जम्मा					१०१८०।००	

बेरूजु दफा ५९.२ सँग सम्बन्धित विवरण - अनुसूची -१०

सि. नं.	लाभग्राही वर्ग	भत्ता दर	चौथो त्रैमासिक		वार्षिक
			संख्या	रकम	जम्मा रकम
१	ज्येष्ठ नागरिक ७० वर्ष माथि	३९९०	१९९२	२३६८५४९९	९१६३७२६७
२	ज्येष्ठ नागरिक दलित	२६६०	१९९	१५५५२६२	६००६५९५
३	ज्येष्ठ नागरिक एकल महिला	२६६०	२७९	२१४२८४५	८७९०८१६
४	विधवा	२६६०	३४५	२७२३८४०	१०६५०१९७
५	पूर्ण अपाङ्ग	३९९०	६७	७७१६१५	२७९५८३२
६	अति अशक्त अपाङ्ग	२१२८	१५२	९६८२४०	३६७५०५६
७	दलित बालवालिका	५३२	२४२	३६९३३९	१४९२९०५
	जम्मा		३२६७	३२२१६६४०	१२५०४८६६८